# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षाले देश विकासका लागि मुख्य माध्यम र आधारशीलाको भूमिका निर्वाह गर्दछ । समाजको वनावट र भूमिका जे जस्तो छ शिक्षा पनि त्यही मूल्य मान्यताबाट निर्देशित रहेको हुन्छ । अनुशासित, उत्पादनशील, सक्षम, देशभक्त र गुणस्तर र जनशक्ति निर्माणमा शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । देश विकासलाई अग्रगामी दिशामा अगाडि बढाउन शिक्षाले महत्वपूर्ण भूमिका खेलको हुन्छ । वर्तमान समयमा ज्ञानलाई विश्वव्यापीकरण गर्नु, मानव अधिकारको संरक्षण, संवर्द्धन गर्नु, वाल अधिकारलाई सुनिश्चितता प्रदान गर्नु, विश्वशान्ति र सहिष्णुता कायम गर्दै सामाजिक, लैङ्गिक, भाषिक समानतालाई सम्बोधन गरी नेतृत्व गर्ने मानव शक्तिको विकासमा पुग्न जरुरी देखिन्छ ।

शिक्षाको जन्म मानव सभ्यताको सृष्टि सँगसगै भएको हुँदा मानव सभ्यता रहेसम्म शिक्षा पनि क्रियाशील रहिरहन्छ र यसलाई एक महत्वपूर्ण मानवीय क्रियाकलापको रुपमा स्वीकार गरिन्छ । शिक्षालाई सीमित सोचाई, धारणा, मान्यता र चिन्तनको आधारमा व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्न सकिदैन । शिक्षालाई व्यापक अर्थको रुपमा वोध गर्दा यसले व्यक्तिको शारीरिक, सामाजिक, बौद्धिक, नैतिक, आर्थिक, आध्यात्मिक, भौतिक लगायत सवाङ्गीण विकास गराउन टेवा पुऱ्याउँछ । शिक्षा भनेको ज्ञान प्राप्त गरी सीप, प्रवृति र बानीहरुको विकासले युक्त मानव शक्तिको सिर्जनशील उपज हो । (काफ्ले, २०६६) ।

वर्तमान विश्वव्यापी सूचना तथा संचार जगतको क्षेत्रमा शिक्षाले आफ्नो पहुँच विस्तार गर्नुपरेको छ । देशको परिवर्तित परिवेश सँगसगै शिक्षालाई सामाजिक, आर्थिक, साँस्कृतिक, राजनीतिक, भौगोलिक गतिशिलताको प्रमुख साधनको रुपमा रुपान्तरण गर्न सकेमा मात्र सवैका लागि शिक्षा भन्ने विश्वव्यापी मान्यताले शिक्षा प्राप्तिको अधिकारलाई सुनिश्चितता प्रदान गर्नुको साथै देशले अग्रगामी फड्को मार्न सक्दछ । त्यसै गरी पहुँच समानता, सान्दर्भिकता, तथा गुणस्तर वृद्धि जस्ता महत्वपूर्ण पक्षहरुलाई शिक्षाले आत्मासात गरी अघि बढ्नु परेको छ । बालवालिकाहरुलाई शिक्षा प्रदान गर्ने महत्वपूर्ण निकाय विद्यालय हो तर बालवालिकाहरुलाई शिक्षा प्रदान गर्ने एउटै निकाय विद्यालय होईन । विद्यालय त केवल औपचारिक रुपमा निर्धारित

विषयवस्तु निश्चित थलोमा सिकाउने संस्था हो । शिक्षा भनेको जीवनभर चलिरहने प्रक्रिया हो । त्यसैले औपचारिक रुपमा निर्धारित विषयवस्तु र विधिवाट मात्र शिक्षा प्राप्त हुदैन । मानवले उसका जीवनका प्रत्येक घटना र परिवेशवाट शिक्षा प्राप्त गरिरहेकै हुन्छ । औपचारिक रुपमा विद्यालयबाट शिक्षा प्राप्त भईरहेको हुन्छ भने अनौपचारिक रुपमा समाजका विभिन्न घटना, परिवेश, संघ संस्था आदिबाट शिक्षा प्राप्त भईरहेको हुन्छ । तसर्थ विद्यालय, विद्यालय रहेको समाज तथा समुदायबाट औपचारिक तथा अनौपचारिक रुपमा सिकाइ भईरहेको हन्छ ।

नेपालमा अनौपचारिक शिक्षाको इतिहास लामो भए पनि औपचारिक शिक्षाको विकासको इतिहास त्यति लामो छैन । नेपालमा शिक्षा प्राप्त गर्ने पुस्ताको पिँढी हेर्ने हो भने चार पुस्ताभन्दा माथि रहेको पाईन्छ । अझ धेरै ठूलो संख्याको परिवारिक पिढीमा शिक्षाको पहुँच पहिलो वा दोश्रो पुस्तामा मात्र पुगेको पाईन्छ । नेपालमा वि. सं. २००७ सालमा प्रजातन्त्रको आगमनपछि मात्र शिक्षाको विकास भएको पाईन्छ । यस वेला नेपालको साक्षरता दर दुई प्रतिशत मात्र थियो (गौतम, २०६४) ।

कुनै परिवारमा शिक्षाको जग जति पुरानो छ । त्यस परिवारमा शिक्षाको महत्व र गरिमा पनि बढिनै रहेको पाईन्छ । पहिलो पिँढीले मात्र औपचारिक शिक्षा लिने अवसर पाएको परिवारमा शैक्षिक विकासको जग कमजोर रहेको हुन्छ । अतः नेपालको शैक्षिक नीति निर्माण तहमा एक्काईसौ शताब्दीलाई भन्दा यथार्थ शैक्षिक धरातललाई आधार मानी योजनालाई कार्यान्वयन तर्फ लाग्नु जरुरी देखिन्छ ।

लोकतन्त्र, मानव अधिकारको संरक्षण, सम्वर्द्धन, शिक्षाप्रति प्रतिवद्ध, श्रमप्रति सकारात्मक सोच भएका र स्वावलम्वी, स्वरोजगार उन्मुख, असल चरित्र भएका एक्काईसौं शताब्दीमा व्यक्ति, समाज, राष्ट्रिय क्षेत्रमा आईपर्ने चुनौतिहरुको सामना गरी सक्रिय योगदान पुऱ्याउँन, असल नागरिक तयार गर्न सक्षम विद्यालय शिक्षाको खाँचो रहेको पाईन्छ । देशमा समय समयमा भईरहेका राजनीतिक परिवर्तनले पनि शिक्षा पद्धतिमा आमूल परिवर्तनको खाँचो रहेको आभास पाईन्छ । नेपालको शिक्षाको ढाँचा प्राचिन शैली अनुरुप कै छ । समय अनुसार शिक्षालाई व्यवहारिक, जीवनोपयोगी, रोजगारमूलक र व्यवसायमुखी बनाउनु पर्ने टड्कारो खाँचो रहेको पाईन्छ (अधिकारी २०६७) ।

शिक्षाप्रति सकारात्मक सोच नभएका अभिभावकहरुको सोचाइमा सुधार गर्नका लागि शिक्षा रोजगारमूलक र व्यवसायमुखी बनाउनु पर्ने देखिन्छ । शिक्षा प्राप्त व्यक्तिहरुले शिक्षाको माध्यमद्वारा आयआर्जन गरी जीवनयापन गर्न सक्ने वातावरण तयार भएको अनुभव गर्न सक्ने स्थिति सिर्जना भएमा आम अभिभावकको धारणामा सकारात्मक परिवर्तन आउने देखिन्छ ।

नेपालमा शिक्षाको पहूँच दुर्गम क्षेत्र, दलित, सीमान्तकृत, लोपोन्मुख तथा आर्थिक अवस्था कमजोर रहेका परिवारमा प्रभावकारी रुपले पुग्न सकेको पाईदैन । गरीव, पछौटेपन, अभाव, बेरोजगार आदि शिक्षा विकासका वाधक हुन् । यसलाई हटाउन राष्ट्रले गरेको प्रयास त्यति प्रभावकारी हुन सकेको छैन । दलित छात्रवृति, महिला छात्रवृति, सिमान्तकृत, लोपोन्मुख आदि छात्रवृतिलाई केवल आर्थिक रुपमा मात्र लिने गरेको पाईन्छ, शैक्षिक अवसरका रुपमा होइन । अभिभावकहरुले आ-आफ्नो परिवारमा आ-आफ्नो छोराछोरीहरुको शैक्षिक उपलब्धिमा जिज्ञासा राखी उत्प्रेरणा दिने वातावरण नवनेसम्म शैक्षिक उन्नयन हुने देखिदैन । अतः अभिभावकका शैक्षिक स्थितिका कारणले विद्यार्थीको शैक्षिक सिकाइ र उपलब्धि स्तरमा प्रभावकारी भूमिका रहेको हुन्छ (शर्मा २०७२) ।

शिक्षा एक मानवीय क्रियाकलाप हो । यो निरन्तर चलिरहन्छ । शिक्षामा कुनै किसिमको जातीय भेदभाव हुनुहुदैंन । शिक्षा प्राप्त गर्नु हरेक व्यक्तिको जन्मसिद्ध अधिकार हो । शिक्षा प्राप्तिको अधिकारबाट कुनैपनि जात, धर्म, भाषा, लिङ्ग, वर्ण र सामाजिक परिवेशका मानिसहरु वञ्चित हुनुहुदैंन । त्यसैले शिक्षा जहिले पनि हरेक व्यक्तिको पहुँच भित्र रहेको हुनुपर्दछ । हरेक व्यक्तिलाई विना भेदभाव समान रुपले शिक्षा प्रदान गर्नु राज्यको प्रमुख दायित्व हो । तर नेपालमा सामाजिक, आर्थिक, भौगोलिक, लैङ्गिक तथा जातिगत विभिन्नताका कारणले शिक्षा हरेक व्यक्तिको पहुँचमा बनाउन सकेका छैनन् (विष्ट २०७२) ।

नेपालमा शिक्षाको विस्तार औपचारिक विद्यालयीय शिक्षा, अनौपचारिक शिक्षा र गुरुकुल, मदरसा, गुम्बाहरु जस्ता धार्मिक संस्थाहरुबाट हुने गरेको छ । तथापि अझैपनि मुलुकको करिब एक तिहाई जनसंख्या निरक्षर छ । राष्ट्रिय जनगणना २०६८ को अन्तिम नतिजा अनुसार ६५.९ प्रतिशत जनसंख्या साक्षर छन् । २०६२ को अन्त्यसम्मा प्राथमिक उमेर समूहका करिव १३ प्रतिशत बालवालिका विद्यालय बाहिर रहेकोमा २०६६ सम्म आई पुग्दा ८.१ प्रतिशत विद्यालय बाहिर रहेको र २०६८ सम्म ४.९ प्रतिशत विद्यालय वाहिर रहेका छन् । करिब १४ प्रतिशत

प्राथमिक उमेर समूहका बालवालिका विद्यालयको अवसरबाट बञ्चित छन् । त्यसै गरी कक्षा र तह बढ्दै जाँदा क्रमशः विद्यार्थी संख्या घट्दै जान्छ । विद्यालय नआएका मध्ये भौगोलिक, आर्थिक सामाजिक, साँस्कृतिक, भाषिक र धार्मिक रुपले कठिन समूहका बालवालिकाहरु बढी पर्दछन् । शिक्षाको अर्को उद्देश्य असल सँस्कारको भएको नागरिकको विकास गर्नु पनि हो (अधिकारी, २०७०) ।

## १.२ समस्याको कथन

समस्याको कथन अध्ययनको विशिष्ट कार्य हो । अनुसन्धान कार्यको शिलसिलामा समस्या भन्नाले अनुसन्धानको विषयवस्तु बुझ्नु पर्दछ । प्रस्तुत अध्ययनको समस्या अभिभावकको शिक्षाले विद्यार्थीको सिकाई उपलव्धिमा पर्ने प्रभावको खोजी गर्नु नै यस अध्ययनको समस्याको कथन हो ।

शिक्षा मानव विकासको आधारभूत प्रक्रिया हो । कुनैपनि देशको अवसर वृद्धि गर्ने मुख्य थलो विद्यालय हो । विद्यार्थीहरुका लागि विद्यालय जीवनमा नयाँ कुरा सिक्ने तथा सामाजिकीकरणको अभ्यास गर्ने महत्वपूर्ण स्थल हो । प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थी भर्ना बृद्धि भएपनि अभिभावकको शैक्षिक दृष्टिकोणमा खासै परिवर्तन भएको पाईन्न ।

औपचारिक शिक्षा मानव विकासको आधारभूत प्रक्रिया हो । गुणस्तरीय शिक्षा प्राप्त गर्ने व्यक्तिले सुखी र सम्पन्न जीवन यापन गर्न सक्दछ । अतः विद्यालय तहको शिक्षालाई गुणस्तरीय र सर्वसुलभ वनाउन सवैको ध्यान केन्द्रीत हुनपर्दछ । वर्तमानमा व्यक्ति, नागरिक समाज, विभिन्न संघ सस्था र सरकारले पनि शिक्षा तर्फ ध्यान केन्द्रीत गरी चासो बढाउन सकेको खण्डमा मात्र गुणस्तरीय शिक्षाको अवसर प्रदान हुने देखिन्छ । अभिभावकको शिक्षाले विद्यार्थीको सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पर्दछ, अभिभावकहरुको विद्यालयमा आफ्ना नानिहरुको सिकाइ उपलब्धि सम्वन्धी चासो के कस्ता रहेको छ, यसले विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न कस्तो सहयोग छ वा छैन । यस सँग सम्वन्धित के कस्ता समस्याहरु के कस्ता रहेको छ भन्ने विषयमा आजसम्म यस कमल गाउँपालिकामा कुनै पनि अध्ययन नभएकोले यो विषयमा अध्ययन गरिएको हो (शर्मा २०७३) ।

मानिसको जीवनमा शिक्षा आवश्यक विषय हो भन्ने धारणा समाजमा स्थापित भईसकेको छ । तर फेरी यहाँ आवश्यक मात्रै भनियो भने त्यसलाई सामान्य अर्थमा बुझ्नु पर्दछ । त्यसभन्दा अघि गएर बुझ्ने हो भने शिक्षालाई जीवनको अपरिहार्य विषयको रुपमा लिईनु पर्दछ । पानी र घाम मानव जीवनमा जति आवश्यक छ । अब शिक्षा पनि त्यतिकै अत्यावश्यक छ । यस अर्थमा शरीरका प्रत्येक अर्थमा आ-आफ्नै भूमिका रहेजस्तै शिक्षाले पनि जीवनमा महत्वपूर्ण अंगको रुपमा भूमिका निवार्ह गर्नैपर्छ । अभिभावकको शिक्षाले उनीहरुको बालवालिकाको शिक्षामा कस्तो प्रभाव पर्दछ, भन्ने विषय महत्वपूर्ण हुन्छ । यस विषयमा अहिले कम मात्र अध्ययन भएको र यस गाउँपालिकामा कुनैपनि अध्ययन अनुसन्धान नभएकोले गर्दा यस विषयमा केन्द्रीत भएर अध्ययन अनुसन्धान गरिएको हो ।

व्यक्तिगत रुपमा शिक्षाले मानिसलाई बौद्धिक वनाउँछ, परिपक्क बनाउँछ । व्यक्तित्व निर्माणमा ठूलो योगदान पुऱ्याउँछ । अशिक्षित र शिक्षितको भिन्नता नै यहि हो । अशिक्षितलाई विकासको वाटो थाहा हुदैन तर शिक्षितहरु भने विकासको वाटो वनाउदै हिड्छन् वा बनिसकेको बाटो पहिल्याउदै हिड्छन् । समाज वा राष्ट्रको विकासलाई अग्रगति दिन त्यही शिक्षित व्यक्तिको खाँचो पर्छ । यो स्पष्ट छ, अशिक्षितहरुले राष्ट्रलाई हाक्न सक्दैनन् । यहाँ शिक्षाको अर्थ केवल पाठ्यक्रमको शिक्षा मात्रै होईन, त्यसवाहेक देश विदेशका इतिहास, धर्म, शिक्षा, स्वास्थ्य, विज्ञान लगायतका विषयको समेत सामान्य ज्ञान व्यक्तिमा हुनुपर्छ भन्ने हो । एक्काईसौ शताब्दीमा सचेत नागरिकको परिचय पनि हो यो । शिक्षा अथवा ज्ञानको कारणले पश्चिमी राष्ट्रहरुले विकासका चरमचुली छोईसकेका छन् । त्यी देशहरुलाई हामी हाम्रो देशको मूल्याङ्कन गर्न सक्छौं र अलिक गहिरिएर हेर्ने हो भने हाम्रो देशको विकास नहुनाको कारकतत्व नै शिक्षाको अभाव हो भन्ने तथ्य भेट्न सक्छौं (भौकाजी, २०६९) ।

विद्यार्थीको उपलब्धि स्तर सुधारमा सरकारवाट भएको शैक्षिक लगानी अनुरुप परिणाम प्राप्त हुन सकेको छैन । निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनवाट अझ विद्यार्थीको उपलब्धि स्तर कमजोर वन्दैछ । अभिभावकको शैक्षिक स्थिति कमजोर भएमा आफ्ना बालवालिकाको कक्षोन्नतिसँग उपलब्धि क्षमताको तुलनाको अभाव हुन्छ । तर शैक्षिक स्थिति प्रति सक्षम अभिभावकहरु बालवालिकाको उपलब्धि स्तर र कक्षोन्नतिसँग तुलना गर्दछन् । उपलब्धि स्तर कक्षा अनुसार प्राप्त हुन नसकेको, कक्षोन्नति बढ्दै जाने तर ज्ञान, शीप र

अभिवृत्तिमा कक्षोन्नति अनुसार क्षमताको स्तर कायम हुन नसक्नु नै अध्ययनको मुख्य समस्या हो ।

यसरी समस्याको रुपमा विद्यार्थीहरुलाई आवधिक परीक्षाको माध्यमद्धारा कक्षोन्नति गराउन मात्र भएको उपलव्धि स्तरको मापदण्ड सम्बन्धी व्यवहारिक प्रयोग नभएको कारण शिक्षकहरुले उपलव्धि स्तरको परीक्षण नगरी कक्षा उन्नति गर्ने गरेको, शैक्षिक स्थिति प्रति सचेत अभिभावक बालवालिकाको उपलव्धि क्षमता सुधारमा लागेपनि निरक्षर अभिभावकलाई सरोकारको विषय नै नभएको विद्यार्थी विद्यालयमा उपस्थित कम हुने, अध्ययन अवधिभर विद्यालय नवस्ने कक्षा कार्य, गृहकार्यमा सहभागी नहुने कमजोर अनुशासन जस्ता समस्या भएकोले विद्यार्थीको उपलव्धिमा अभिभावकको शैक्षिक प्रभावको कार्यान्वयनको अवस्था र चुनौतिसँग केन्द्रीत भई यस अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

कुनैपनि देशको महत्वपूर्ण शक्ति भनेको चेतनशील शिक्षित जनशक्ति हो, जसले देशको सर्वाङ्गीण एवम् चौतर्फी विकास गर्न सक्छ । नेपाल एक विकासोन्मुख देश हो । विकासोन्मुख देशको सर्वाङ्गीण विकासको प्रमुख तत्व नै शिक्षा क्षेत्रको विकास हो । प्राथमिक तहको शिक्षा हरेक व्यक्तिले प्राप्त गर्नुपर्ने संवैधानिक व्यवस्था छ । त्यो नेपालमा पुरा हुन सकेको छैन । जुन अभिभावकहरु शिक्षा प्रति सचेत छैन, तिनिहरुका बालवालिकाहरु शिक्षा लिने कार्य प्रति उदासिन देखिन्छ । अभिभावकहरुप्रति शिक्षालाई हेर्ने दृष्टिकोण सकारात्मक भए मात्र छोराछोरीको शिक्षा प्राप्त गर्ने वातावरण सुनिश्चित र सरल हुन्छ । आर्थिक विपन्नता, रुढीवादी परम्परा, सामाजिक, साँस्कृतिक पछौटपन, भौगोलिक विकटता, छुवाछुत प्रथा, लिङ्ग विभेद आदि पनि शैक्षिक विकासका बाधक तत्व हुन् (शिक्षा विभाग, २०६६) ।

बालवालिकाहरुको घरको वातावरण शिक्षा आर्जन गर्ने महत्वपूर्ण स्रोत हो । अभिभावकहरुको उपयुक्त आवश्यक घरायसी शैक्षिक वातावरण विना बालवालिकाहरुले शैक्षिक विकासमा अरु बालवालिकाहरु सरह विकास गर्न सक्दैनन् । अभिभावकहरुको शैक्षिक स्थितिको विकास भएको छ भने विद्यालय एवम् विद्यालयद्वारा सञ्चालन गरिने अध्ययन अध्यापन लगायत अन्य क्रियाकलापप्रति लगाव बढ्दो छ र परिणामस्वरुप त्यस प्रकारका अभिभावकहरुका

बालवालिकाहरु अध्ययन लगायत विद्यालयद्वारा गरिने अन्य क्रियाकलाप प्रति बढी सक्रिय हुन्छन् । अभिभावकहरुको शैक्षिक स्थिति राम्रो छ भने त्यो घरको वातावरण बालमैत्री एवम् दण्डरहित हुन्छ साथै बालवालिकाका शिक्षासँग सम्बन्धित न्यायपूर्ण माग र आवश्यकता समयमै पुरा भई शैक्षिक वातावरण सुमधुर बन्दछ । शैक्षिक स्थिति राम्रो भएका अभिभावकहरु विद्यालय गतिविधिसँग जहिले पनि निकट सम्वन्ध कायम राखी आफ्ना बालवालिकाहरुको समग्र पक्षवारे जिज्ञासा राख्दछन् ।

शिक्षण सिकाइको एक महत्वपूर्ण प्रक्रिया अभिभावकको शैक्षिक स्थिति र विद्यार्थीको उपलब्धि स्तर वृद्धिको विषय भएकोले यस अनुसन्धानले शैक्षिक क्षेत्रका सवै सरोकारवालाई केहि न केही फाईदा पुग्नेछ । यस अध्ययनको प्राप्तिले विद्यार्थी, अभिभावक, शिक्षक, प्रधानाध्यापक, शिक्षा लगानी कर्ता, शैक्षिक नीति निर्माताहरुलाई समेत सहयोग पुऱ्याउँछ भने यस अध्ययनको प्रभावकारी उपयोगले विद्यार्थी उपलब्धि स्तर बढाउन सहयोग पुऱ्याउँछ । आगामी दिनमा यस किसिमका विषयमा थप अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरुका लागि यो अध्ययन महत्वपूर्ण स्रोत सामग्रीका रुपमा रहने छ । यस अध्ययनबाट प्रधानाध्यापकलाई अभिभावकको शैक्षिक अवस्थाले विद्यार्थीको सिकाइ उपलब्धिमा पर्ने सकारातमक र नकारात्मक प्रभावको पहिचान गरी विद्यार्थीको शैक्षिक गुणस्तरमा सुधार पुऱ्याउँने छ । विद्यार्थीको शैक्षिक उपलब्धिमा देखिएका समस्या पहिचान गरी समग्र गाउँपालिका क्षेत्रभित्रका विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न यस अध्ययनले नगर शिक्षा शाखा प्रमुखलाई फाईदा गर्ने छ । आफ्ना बालवालिकाहरुको शैक्षिक उपलब्धिमा देखिएका समस्याहरुको पहिचान गदै समाधानका उपायहरु पत्ता लगाउन यस अध्ययनले मार्ग निर्देशन गर्न सहयोग पुऱ्याउँने छ । त्यसै गरी शैक्षिक नीति निर्माताका लागि यस अनुसन्धानले शैक्षिक योजना निर्माणमा सहयोग पुग्नेछ । पाठ्यक्रम, पाठ्यपुस्तक निर्माता र कार्यान्वयन कर्ताहरुका लागि पनि यसले सहयोग पुऱ्याउँनेछ । शैक्षिक क्षेत्रमा लाग्ने जो कोहिलाई पनि सन्दर्भ सामग्रीका रुपमा उपयोग गर्न यसबाट सहयोग पुग्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्न अनुसार रहेको छन् :-

क) अभिभावकको शैक्षिक अवस्थाको पहिचान गर्नु,

ख) अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव पहिचान गर्नु ,

ग) अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीको सिकाइ उपलब्धिमा देखिएका समस्या पहिचान गरी समाधानका उपायहरु खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यो अनुसन्धान निम्न लिखित प्रश्नहरु माथि केन्द्रीत भएर अध्ययन गरिएको छ :-

क) अभिभावकका शैक्षिक स्थितिका आधारहरु के के हुन् ?

ख) अभिभावकको शैक्षिक स्थितिको स्तर कस्तो छ ?

ग) अभिभावकको शैक्षिक प्रभावले विद्यार्थीको उपलब्धि स्तरमा कस्तो भूमिका खेलेको छ ?

घ) शैक्षिक पक्ष सकारात्मक भएका अभिभावकको विद्यालय र विद्यार्थीको शैक्षिक उपलब्धि प्रति कस्तो धारणा छ ?

ङ) अभिभावकको शैक्षिक प्रभावले विद्यार्थीको सिकाई उपलब्धिमा देखिएका समस्या समाधानका उपायहरुलाई कसरी व्यवस्थित गरिएको छ ?

## १.५ अध्ययनको परिसीमा

सिमित स्रोत र साधन र समयको परिधिलाई मध्यनजर राख्दै यस शोधकार्यलाई सम्पन्न गर्न झापा लिल्ला, कमल गाउँपालिका, गाउँ शिक्षा शाखा अन्तर्गत तीन वटा आधारभूत विद्यालयहरु क्रमशः कञ्चनजङ्घा आधारभूत विद्यालय, ज्योति आधारभूत विद्यालय र गुहेश्वरी आधारभूत विद्यालय तथा तीन वटा माध्यमिक विद्यालयहरु क्रमशः कमला मदन आश्रित स्मृति मा.वि, नरेन्द्र जनता मा.वि. र शहीद धर्मभक्त मा.वि सामुदायिक विद्यालयहरुमा केन्द्रीत रहेको छ । यस अध्ययनको उद्देश्यहरू पूरागर्न लागि परिमाणात्मक र गुणात्मक दुवै अनुसन्धान ढाँचा अपनाइने छ । यस अध्ययनमा झापा जिल्लाको कमल गाउँपालिका, शिक्षा शाखा अन्तर्गत तीन

वटा आधारभूत विद्यालयका कक्षा ६, ७ र ८ मा पढ्ने विद्यार्थीहरु मध्ये ३ जनाका दरले २७ जना, उनीहरुका एक जना अभिभावकहरु, त्यस्तै तीन वटा माध्यमिक विद्यालयका कक्षा ९ र १० मा अध्ययन गर्ने विद्यार्थीहरु मध्ये प्रत्येक कक्षा वाट ३ जनाका दरले १८ जना र उनीहरुको अभिभावकहरु, प्रत्येक विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापनका अध्यक्ष र एक शिक्षकहरुलाई उद्देश्यमूलक नमूना छनोट विधिद्वारा यस अध्ययनको नमूनाको रुपमा छनोट गरिएको छ ।

यी विद्यालयका अभिभावकहरुको शैक्षिक अवस्थाले उनीहरुको छोराछोरीको शैक्षिक अवस्थामा कस्तो प्रभाव पारेको देखिन्छ भनी अध्ययन गरिएको छ । यो अध्ययन अन्य ठाउँको यसै विषयमा गरिएको अध्ययन सँग मेल नखान पनि सक्दछ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथ सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

शिक्षा क्षेत्रको प्रशस्त अध्ययन अनुसन्धानहरु भएका छन् । ती अध्ययन तथा अनुसन्धानहरुले शिक्षा क्षेत्रको ज्ञानलाई अझ व्यापक र विस्तृत बनाउदै लगेको छ । कुनैपनि क्षेत्रमा अध्ययन अनुसन्धान गर्नु पूर्व त्यस क्षेत्रसँग सम्बन्धित पूर्व अध्ययन र अनुसन्धानहरु के भएका छन् । ती अध्ययन अनुसन्धानहरुले के-कस्ता तथ्यहरु उजागर गरेको छ भन्ने कुरालाई पूर्वाधारको रुपमा लिनु आवश्यक छ । यसै क्रममा अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीको उपलब्धिमा पारेको प्रभावसँग सम्बन्धित एवम् साहित्यहरुको समीक्षा निम्न बमोजिम प्रस्तुत गरिएको छ । यसरी समिक्षा गर्ने क्रममा अध्ययनका उद्देश्य, अध्ययन विधि, मुख्य प्राप्ति र सुझावहरुका साथै अन्य धेरै अध्ययन सामग्रीको आधार समेत लिएको छ ।

सामुदायिक विद्यालयहरुमा शैक्षिक, आर्थिक, राजनीतिक, धार्मिक तथा भौगोलिक कारणले विद्यार्थी भर्नामा प्रभाव पारेको अध्ययनमा उल्लेख छ । अभिभावकको शैक्षिक दृष्टिकोणका कारणले विद्यार्थी भर्नामा देखिएका सम्बन्धमा समस्या सामधानका उपाय पत्ता लगाउने कार्यमा शोधकार्य केन्द्रीत रहेको छ । शोधसारको रुपमा सरकारी पक्षवाट विद्यार्थी भर्ना अभियानलाई सफल बनाउन अभिभावकको शैक्षिक दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउने कुरामा जोड दिएको छ । यस सोधकार्यमा अभिभावकको शैक्षिक दृष्टिकोणलाई प्रमाणिकरण गर्ने आधारलाई खासै उल्लेख गरेको पाईदैन । शोधकर्ताले शोधपत्र प्राप्तिको रुपमा अभिभावकको शैक्षिक दृष्टिकोणका कारण विद्यार्थी भर्नामा परेको प्रभावलाई नकारात्मक रुपमा लिएको उल्लेख गरेको छ । कृषि पेशामा संग्लन अभिभावकका बालवालिकाहरुको भर्नादर अत्यन्त कम रहेको छ । बैदेशिक रोजगार एवम शिक्षण कार्यसँग सम्बन्धित अभिभावकहरुको विद्यार्थी भर्नादर बढी रहेको अध्ययनमा उल्लेख छ । साक्षर अभिभावकका बालवालिकाहरु विद्यालय भर्नामा न्यून रहेको अध्ययनमा उल्लेख छ (यादव, २०६६)।

विद्यालय व्यवस्थापन समितिमा सम्बन्धित विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका अभिभावकहरु मध्येबाट निश्चित योग्यता पुगेका अध्यक्ष तथा एक महिला सहित जम्मा चार जना अभिभावकलाई सम्पूर्ण अभिभावकहरुले छनोट गर्ने व्यवस्था भएता पनि विद्यालयमा भित्रिएको

राजनीतिक प्रभावले गर्दा दलीय भागवण्डामा विद्यालय व्यवस्थापन समिति अधिकांश विद्यालयमा गठन भएको पाईन्छ । यस प्रकारको राजनीतिक हस्तक्षेपका कारणले शिक्षा ऐन तथा नियमावलीले गरेका विद्यालय सुधार र विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्ने अपेक्षा हुने देखिदैन । अभिभावकको शैक्षिक दृष्टिकोणले विद्यार्थी भर्नामा पारेको प्रभाव अध्ययन शीर्षकमा शोधकर्ताद्वारा अध्ययनको परिसीमा भित्र सिराहाको रुप गाँउविकास समितिको निम्न माध्यमिक विद्यालय कृष्णपुर १ को एउटा विद्यालयको प्राथमिक तहलाई आधारमानी अभिभावकको शैक्षिक दृष्टिकोणले विद्यार्थी भर्नामा शैक्षिक, सामाजिक, आर्थिक पक्षले प्रभाव पारेको हो भनी निष्कर्ष निकालेको छ । अभिभावकको शैक्षिक दृष्टिकोणले विद्यार्थी भर्नामा परेको प्रभावलाई के कसरी सुधार गरी सकारात्मक र प्रभावकारी बनाउन सकिन्छ भन्ने सम्बन्धमा शोधपत्र मौन रहेको छ । यस शोधपत्रले केवल अभिभावकको शैक्षिक दृष्टिकोण र विद्यार्थी भर्नाको सामान्य प्रभावलाई शैक्षिक उपलब्धिसँग जोडेर हेर्ने प्रयास गरेको देखिन्छ । अध्ययनको क्षेत्र एउटै विद्यालयलाई लिनुले पनि शोधपत्रले प्रतिनिधि पात्रको भूमिका निर्वाह गर्ने कुरामा उचित निष्कर्ष दिन सक्दैन ।

प्रस्तुत शोधपत्रमा सुझावका रुपमा अभिभावकहरुले आफ्ना बालवालिकाहरुको शिक्षा स्वास्थ्य-स्थिति, अन्य विभिन्न गतिविधिको नियमित रेखदेखका साथै घरमा बालवालिकालाई अध्ययन गर्ने वातावरण बनाई दिनुपर्ने, शिक्षाप्रतिको सकारात्मक सोचका कारणले व्यक्तिको जीवनमा आईपर्ने समस्या सामाधान गर्न सकिन्छ भनी उल्लेख गरिएको छ । विद्यालय जाने उमेर पुगेका बालवालिकाहरुलाई समयमानै भर्ना गराई कापी, कलम, किताव, विद्यालय पोशाक, खाजा, कक्षाकार्य, गृहकार्य अन्य शैक्षिक सामग्री आदिमा नियमित रुपमा ध्यान पुऱ्याउँनुपर्ने, बालवालिकाको पढ्न पाउने अधिकारलाई सुनिश्चित गर्दै शैक्षिक उपलब्धि दरमा सबै पक्षको सहकार्य हुनपर्ने जस्ता सुझावहरु दिएको छ साथै निरन्तर अभिभावकहरुका लागि प्रौढ साक्षरता सम्बन्धी शिक्षाको व्यवस्था गरेर विद्यार्थी सिकाइ उपलब्धि दरमा सुधार गर्न सकिने सुझाव समेत अध्ययनमा उल्लेख गरिएको छ ।

शिक्षालाई विकासको मूल आधारशिलाको रुपमा लिने गरिन्छ किनभने राष्ट्रलाई विकासको मूल प्रवाहमा समाहित गराउन विभिन्न स्रोत साधनहरुको आवश्यकता पर्दछ । त्यस्ता स्रोत साधनहरुमध्ये मानवीय स्रोत साधनलाई सवैभन्दा महत्वपूर्ण पक्षको रुपमा लिइन्छ । शिक्षाको

महत्व र उपयोगितालाई वर्णन गर्न आवश्यक नपर्ला । त्यसैले त भन्ने गरिन्छ “विद्या धनम् सर्वधनम् प्रधान्” । राष्ट्रको सर्वाङ्गीण विकासका लागि विद्यमान निरक्षरता उन्मुलन गर्दै गुणस्तरीयता शिक्षा प्रदान गर्नु आजको प्रमुख चुनौति हो । गरीबि निवारण राष्ट्रका लागि प्रमुख चुनौतिको विषय बनेको छ । शिक्षालाई गरीबि निवारणको रणनीतिको रुपमा लिएको छ । तसर्थ एकातर्फ यसलाई श्रम बजारसँग आबद्ध गर्दै लैजानु पर्ने आवश्यकता छ भने अर्को तर्फ समाजमा पिछडिएका महिला, दलित, जनजाति, गरीब र विपन्न वर्ग आदिलाई शिक्षाको मूलधारमा समाहित गर्नुपर्ने चुनौति पनि कायम रहेको छ (काफ्ले, २०६६) ।

अझ जुनसुकै सरकारी कार्यको सफलताको लागि राजनीतिक प्रतिबद्धता आवश्यकता पर्दछ । तर हाम्रो देशका राजनीतिज्ञहरुमा जनताको सेवाप्रति हुनुपर्ने प्रतिवद्धताको अभाव छ । राजनीतिक तहमा गरिने निर्णयहरु छिटोछिटो सम्शोधन भईरहनु र नीतिगत अस्थिरताका कारणले गर्दा शैक्षिक विकासमा अवरोध पुग्न आएको छ । नेपालमा सञ्चालन गरिने नयाँ कार्यहरु अध्ययन अनुसन्धानबाट प्राप्त सुझावलाई मनन् गरी अगाडि बढ्नुको सट्टा सिमित वर्ग र समूहका विचहरुमा लादेर अगाडि बढाउँने परम्पराहरुले विगतका शैक्षिक परिवर्तनलाई असर गरेको देखिन्छ । अत्याधिक गरीबिको कारणले गर्दा चाहेर पनि अभिभावकहरुले आफ्ना छोराछोरीहरुलाई स्कूल पठाउनबाट रोक्न बाध्य र विवस छन् । चेतनाको अभाव र संकुचित विचारधारको कारणले गर्दा कतिपय व्यक्तिहरुमा आफ्ना छोरा र छोरी माथि हेर्ने दृष्टिकोण विभेदपूर्ण छ ।

बहुसङ्ख्यक नेपाली जनताको आर्थिक स्तर न्यून रहेकोले दैनिक जीवनयापन गर्न समेत अभाव जेल्नुपरेको अवस्था छ । तापनि आफ्नो सन्तानको सुखद भविष्यको आशामा अभिभावकले उनीहरुलाई विद्यालय पठाउँछन् । आफ्ना छोराछोरीले प्राप्त गरेको कम स्तरको शैक्षिक उपलब्धिको जिम्मेवारी लिन अभिभावक, शिक्षक, नीति निर्माताहरु कोहि पनि तयार छैनन् (लम्साल, २०६६) ।

देशमा शिक्षाको सङ्ख्यात्मक तथा गुणात्मक दुवै पक्षको विकास हुनु नितान्त जरुरी छ । शिक्षाको सङ्ख्यात्मक विकासका लागि शिक्षामा हरेक ब्यक्तिको पहुँच पुग्नुपर्दछ । यसका लागि विद्यालय शिक्षामा कुनै पनि जातजाति, धर्म, वर्ण, दायित्व सम्बन्धमा गुणस्तरीय शिक्षाको विकासका लागि अभिभावकलाई नै सशक्त पार्नुपर्ने भन्ने उल्लेख भएको छ (जोशी, २०६०) ।

उपर्युक्त शोधपत्र र लेखहरुलाई अभिभावकहरुको शैक्षिक दृष्टिकोणले विद्यार्थी भर्नाका लागि गरिएका अध्ययन र प्रकाशनहरुले निश्चिय पनि सहयोगी भूमिका खेलेको पाईन्छ। अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीको सिकाइ उपलब्धिमा देखिने सकारात्मक प्रभावबाट दुवै पक्षलाई लाभ पुग्ने भएकाले यसले आत्मनिर्भरता प्रदान गर्दछ। हालसम्म पनि कुनै अध्ययनबाट सामुदायिक प्राथमिक विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकहरुको शैक्षिक स्थिति र तिनै अभिभावकका विद्यार्थीहरुले प्राप्त गरेको शैक्षिक उपलब्धि सम्बन्धि तुलनात्मक र ठोस अध्ययन हुन नसकेको सन्दर्भमा प्रस्तुत शोधकार्यले उक्त अभावलाई सम्बोधन गर्ने विश्वास गरिएको छ।

## २.२ सैद्धान्तिक खाका

शोधकर्ताले विषयवस्तुको प्रकृति अनुरुप विभिन्न साहित्यहरुको पुनरावलोकन पछि निश्चित सिद्धान्तको चयन गरी त्यसलाई आफ्नो अध्ययनको आधार मान्नुपर्दछ। विद्यार्थीको शैक्षिक उपलब्धि मापन गर्ने मानवीय व्यवहारको अध्ययन गर्नुपर्दछ। सिकाइ भनेको व्यवहारमा आउँने परिवर्तन हो र बालवालिकाको व्यवहारमा परिवर्तन आउँनु भनेको सिकाइ उपलब्धि हासिल हुनु हो। यसमा अभिभावकको शैक्षिक स्थितिले महत्वपूर्ण योगदान पुऱ्याउँछ।

शैक्षिक उपलब्धि हासिल गर्ने विभिन्न सामाजिक तत्वहरुले प्रभाव पारेका हुन्छन्। समाजको स्वरुप आर्थिक अवस्था, समाजको शैक्षिक अवस्था र भावी आवश्यकता जस्ता कुराले विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्दछन्। समाजको जातिगत, संस्कृतिगत, लैङ्गिक, पेशागत एवम् शैक्षिक स्थिति विना विद्यार्थीमा शैक्षिक उपलब्धि हसिल हुन सक्दैन। सन् १९६० पछि युनेस्कोले शिक्षाको चार स्तम्भको सिद्धान्त र प्रजातान्त्रिक अन्तर्क्रियाको शैक्षिक सिद्धान्तको आधार मानी यो अध्ययन अगाडि बढाइएको छ।

### क) जान्नका लागि सिकाइ

जीवनपर्यान्त सिकाइका लागि जान्न आवश्यक छ। शिक्षा प्राप्त गरेपछि त्यसले निरन्तरता पाएन भने शैक्षिक उपलब्धिले पूर्णता प्राप्त गर्न सक्दैन र जीवनयापन गर्न गाह्रो हुन्छ। एक पटक सिकेको ज्ञान र जीवनभर पर्याप्त नभई सिकाइ निरन्तर हुनुपर्दछ।

## ख) गर्नका लागि सिकाइ

सिक्नु सिकाइका लागि मात्र होइन केही काम गर्नका लागि पनि हो । मानिसले ज्ञान सिकेर त्यसबाट उत्पादकत्व बढाओस् र त्यसलाई प्रयोगमा ल्याओस अनि मात्र सिकाइको अर्थ र महत्व सार्थक हुन्छ । ज्ञानले मात्र जीवन सार्थक बन्दैन । यसका लागि सीप जरुरत पर्दछ । सीपले आय आर्जनमा सहयोग पुऱ्याउँछ । त्यसैले गर्नका लागि सिक्ने मान्यता अघि सारिएको हो ।

## ग) बन्नका लागि शिक्षा

आफ्नो पहिचान आफै प्राप्त गर्नका लागि मानिसले सिक्दछ । आत्मा सम्मान, आत्मसन्तुष्टि, सकारात्मक सोचको विकास, अधिकार र कर्तव्यप्रति सजक बन्न सिकाउने पक्षमा यो केन्द्रीत छ । आत्मविश्वास र आत्मानुभूति प्राप्त गर्नका लागि सिकेको ज्ञान र सीप प्रयोगमा ल्याउनुपर्दछ । आफूसँग भएका प्रतिभालाई उजागर गर्नका लागि सिकाइ आवश्यक छ ।

## घ) सहजीवनका लागि सिकाइ

समाजमा सँगै बस्नका लागि भावनात्मक एकताको आवश्यक पर्दछ । सँगै वस्ने भावनाको विकाससँगै त्यसको कार्यान्वयनको लागि सिकाइ र त्यही अनुरुपको प्रतिबद्धता आवश्यक पर्छ । शान्तिपूर्ण समाज निर्माण तर्फ शिक्षा केन्द्रीत हुनुपर्दछ । यसका लागि सबैले सबैको मूल्य मान्यताको सम्मान गर्नुपर्दछ । सबैजनासँग मिलेर बस्ने र उत्पन्न समस्या सामुहिक प्रयत्नबाट समाधान गर्ने बानीको विकास गरिनुपर्छ । यसो हुन सकेमा मात्रै सबै व्यक्ति/समूहसँगै मिलेर बाँच्न सक्छन् । एक आपसमा आएका समस्या मिलेर समाधान गर्न सक्छन् ।

उपर्युक्त चारओटा शिक्षाका आधुनिक सिद्धान्तले अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीहरुको शैक्षिक उपलब्धि सम्बन्धी व्यवहारमा सकारात्मक प्रभावद्धारा जान्न, गर्न बन्न र सहजीवनका लागि शिक्षाको आवश्यकता पर्दछ ।

जोन डिवेको विचारमा शिक्षा बालकेन्द्रीत हुनुपर्दछ । जुन बालकको क्रियाकलाप र अनुभवमा आधारित हुनुपर्दछ । शिक्षाको माध्यमबाट विद्यार्थीमा सामाजिक निपूर्णता कायम गराउँनुपर्दछ । शिक्षाले प्रजातान्त्रिक र सामाजिक दृष्टिकोण राख्नुपर्दछ । बालक सिक्ने प्रक्रियामा समस्या

निर्धारण गर्ने समस्यालाई समाधान गर्ने परिकल्पना गर्ने, परीक्षण गर्ने भन्ने डिवेको विचार पाईन्छ । शिक्षाले व्यक्तिगत आवश्यता पुरा गर्ने हुनुपर्दछ । डिवेले गरेर सिक्ने, अनुभवद्वारा सिक्ने, भूल प्रयत्न र परियोजना विधिलाई सिकाइमा उपयुक्त मान्दछन् । शिक्षा अनुभवको पुन निर्माणको परिणाम हो । ज्ञान समय र सापेक्ष क्रियाहरुको परिणाम हो । शिक्षाले विद्यार्थीको शैक्षिक उपलब्धिको माध्यमद्वारा सामाजिक संरचनाको स्वरुप निर्धारण गर्दछ । यसका लागि अभिभावकमा भएको शैक्षिक स्थितिलाई विद्यार्थीको शैक्षिक उपलब्धि बृद्धि गर्ने कार्यमा सहायक बन्नु पर्दछ ।

शिक्षा प्राप्त गर्न पाउने बालकको अधिकारलाई सुरक्षित गर्न र विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्न अभिभावकको शैक्षिक स्थितिलाई आवश्यकता अनुसार लगानी गर्नुपर्दछ । शैक्षिक विकासमा कोशेढुङ्गाको रुपमा कार्य गर्न र विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्न साथै अभिभावकको शैक्षिक स्थितिलाई ठीक किसिमले उपयोग गरी शैक्षिक उपलब्धिमा पारेको प्रभाव पत्ता लगाउनु नै यस अनुसन्धानको मुख्य कार्य हो (कार्की, २०६८) ।

## २.३ पुनरावलोकनको शैक्षिक उपदेयता

कुनै पनि विषयमा अध्ययन गर्नको लागि त्यस विषयमा गरिएको पूर्व अध्ययन, खोज, अनुसन्धानका बारेमा अध्ययन गर्न अति आवश्यक हुन्छ । यो शोधपत्र तयार गर्ने क्रममा उल्लेख गरिएका सैद्धान्तिक खाकाहरुले अध्ययनलाई महत्वपूर्ण आधार प्रदान गरेको छ । यस अध्ययनलाई पूर्णता प्रदान गर्न शिक्षामा आधुनिक सिद्धान्त वा दुष्टिकोण र जोन डिवेको शैक्षिक सिद्धान्तलाई आधार बनाईएको छ ।

यो शोधपत्र तयार पार्ने क्रममा अध्ययन गरिएका सम्वन्धित साहित्यको समीक्षाले शोधपत्रलाई के कस्ता विषयवस्तुमा के कसरी अध्ययन गर्न उपयुक्त हुन्छ, भनी मार्ग निर्देशन गरेको छ । यस शोधकार्यहरुको निष्कर्षहरुले अभिभावकहरुको शैक्षिक स्थितिको पहिचान गर्न, अभिभावकहरुको शैक्षिक स्थिति र विद्यार्थीहरुको शैक्षिक स्थितिले विद्यार्थीको उपलब्धिमा प्रभाव पारेको खोज्नु, अभिभावकहरुको शैक्षिक स्थितिले विद्यार्थीको उपलब्धिमा प्रभाव पार्ने तत्वहरु पत्ता लगाउनु र उत्पन्न समस्याहरु समाधानका उपायहरु विस्तृतीकरण गर्न र विषयवस्तुलाई विषय केन्द्रीत गराई तथ्यगत जानकारी प्राप्त गर्न सहयोग प्रदान गरेको छ र प्रस्तुत शोधपत्र

तयारीका क्रममा अध्ययन गरिएका साहित्य र सैद्धान्तिक खाकाले शोधपत्रलाई ठोस रुपमा मार्ग निर्देशन प्रदान गरेको छ। यस शोधपत्र तयारीका क्रममा अध्ययन गरिएका साहित्य र सैद्धान्तिक खाकाले शोधपत्रलाई ठोस रुपमा मार्ग निर्देशन प्रदान गरेको हुँदा यसको उपादेयता रहेको छ।

# परिच्छेद तीन : अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा

शोध कार्यलाई तथ्यपरक, स्तरीय र जानकारीमूलक बनाउन निश्चित अनुसन्धान ढाँचा अवलम्वन गरिन्छ । यो अध्ययनको लागि परिमाणात्मक र गुणात्मक दुवै अनुसन्धान ढाँचा अपनाइने छ । यस अध्ययनमा अभिभावकहरुको शैक्षिक अवस्थाको अध्ययन र त्यसले वालवालिकाहरुको सिकाइमा पार्ने प्रभावको विश्लेषण गर्दै निष्कर्षमा पुगिने छ । अध्ययनको उद्देश्य प्राप्ति गर्न र उल्लेखित उद्देश्य पूरा गर्नका लागि सरोकारवालाहरूसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावली, अन्तर्वार्ता, अवलोकन जस्ता विधि तथा साधनको प्रयोगबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई व्याख्या र विश्लेषण गर्दै निष्कर्षमा पुगिने छ ।

## ३.२ अध्ययनको जनसंख्या र नमूना छनोट

अभिभावकको शैक्षिक अवस्थाले वालवालिकाहरुको सिकाइमा पार्ने प्रभाव शीर्षकको शोध अध्ययन कार्य पूरा गर्नका लागि कमल गाउँपालिका, शिक्षा शाखा अन्तर्गततीन वटा आधारभूत विद्यालयहरु क्रमशः कञ्चनजङ्गा आधारभूत विद्यायलय, ज्योति आधारभूत विद्यालय र गुहेश्वरी आधारभूत विद्यालय तथा तीन वटा माध्यमिक विद्यालयहरु क्रमशः कमला मदन आश्रित स्मृति मा.वि., नरेन्द्र जनता मा.वि. र शहीद धर्मभक्त मा.वि. र ती विद्यालयका प्रधानाध्यापकहरू, शिक्षकहरू, अध्ययनरत बालबालिकाहरू र तिनका अभिभावकहरूलाई अध्ययनको जनसंख्याको रुपमा लिइएको छ । यस अध्ययनको उद्देश्यहरू पूरागर्न झापा जिल्लाको कमल गाउँपालिका, शिक्षा शाखा अन्तर्गत तीन वटा आधारभूत विद्यालयका कक्षा ६, ७ र ८ मा पढ्ने विद्यार्थीहरु मध्ये ३ जनाका दरले २७ जना, उनीहरुका एक जना अभिभावकहरु, त्यस्तै तीन वटा माध्यमिक विद्यालयका कक्षा ९ र १० मा अध्ययन गर्ने विद्यार्थीहरु मध्ये प्रत्येक कक्षा वाट ३ जनाका दरले १८ जना र उनीहरुको अभिभावकहरु, प्रत्येक विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापनका अध्यक्ष र एक शिक्षकहरुलाई उद्देश्यमूलक नमूना छनोट विधिद्वारा यस अध्ययनको नमूनाको रुपमा छनोट गरिएको छ ।

### ३.३ तथ्याङ्क संकलनका साधनहरू

नमूना जनसंख्यासँग छलफल, अन्तर्वार्ता, प्रश्नावली, सम्बन्धित दस्तावेजहरूको पुनरावलोकन जस्ता अनुसन्धानका साधनहरूको प्रयोग गरिनेछ ।

#### ३.३.१ अन्तर्वार्ता

संचार आदानप्रदान वा अन्तर्क्रियाको त्यो विधि हो जसमा अन्तर्वार्ता दिने व्यक्तिले आमने सामने भएर मौखिक रुपमा आवश्यक सूचनाहरू दिने गर्दछ । अन्तर्वार्ताले व्यक्ति भित्रका भावना र विचारलाई प्रष्ट रुपमा वाहिर ल्याउने कार्य गर्दछ जसले व्यक्तिका विचार मात्र होइन निश्चित तथ्याङ्कलाई समेत अगाडि ल्याउँछ । यस अध्ययनमा नमूना जनसंख्यामा परेका शिक्षक र अभिभावकलाई अन्तर्वार्ता अनुसूची साधनको प्रयोग गरी आवश्यक तथ्याङ्क संकलन गरिनेछ । उत्तरदातासँग आमनेसामने भएर मौखिक रुपमा प्रश्नहरू सोधी प्राप्त उत्तरहरूलाई टिपोट गरिनेछ । अन्तर्वार्ता अनुसूचिलाई अनुसूचि १-४ मा समावेश गरिनेछ ।

#### ३.३.२ प्रश्नावली

उत्तरदाताले खुल्ला रुपमा आफ्नो विचार व्यक्त गर्न पाउने खालका प्रश्नहरू समावेश भएको प्रश्नावलीलाई खुला प्रश्नावली भनिन्छ । यस्तो प्रश्नावलीमा आफ्नै भाषाशैलीमा स्वतन्त्र अभिव्यक्तिको प्रयोग गरेर जवाफ दिन सकिन्छ । यस अध्ययनमा नमूना छनौटमा परेका प्र.अ. र अभिभावकहरुबाट आवश्यक सूचना लिन खुल्ला प्रश्नावली अनुसूचि साधनको प्रयोग गरिनेछ । सूचना संकलनका लागि तयार पारिएको प्रश्नावलीलाई अनुसूचि १-४ मा समावेश गरिनेछ ।

### ३.४ तथ्याङ्कका स्रोतहरू

अनुसन्धानका क्रममा प्रयोग गरिने सूचना, तथ्याङ्क, प्रमाण जानकारी तथा आंकडालाई तथ्याङ्क भनिन्छ । तथ्याङ्क जहाँबाट प्राप्त गर्न सकिन्छ, त्यस क्षेत्रलाई नै तथ्याङ्कको स्रोत भनिन्छ । अनुसन्धानको प्रकृति अनुसार तथ्याङ्क प्राप्त हुने स्रोत फरक फरक हुने गर्छ । तथ्याङ्कहरू प्राथमिक र सहायक गरी दुई प्रकारका हुन्छन् ।

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ताद्वारा पहिलो पटक संकलन र प्रयोग गरिएका तथ्याङ्कहरू प्राथमिक स्रोत अन्तर्गत पर्दछन् । प्रथम पटक अनुसन्धानकर्ताले संकलन गर्ने भएकाले तिनीहरूको व्याख्या, विश्लेषण र टिप्पणी गर्ने अधिकार पनि अनुसन्धानकर्ता कै रहने गर्छ । यस अध्ययनमा अन्तर्वार्ता, प्रश्नावली, स्थलगत सर्वेक्षण आदि साधनहरूलाई प्राथमिक स्रोतको रुपमा लिइनेछ ।

### ३.४.२ सहायक स्रोत

अनुसन्धानको सिलसिलामा पूर्व प्रकासित तथा संकलित तथ्याङ्कहरूलाई सहायक स्रोत भनिन्छ । यस अध्ययन अनुसन्धानको लागि आवश्यक पर्ने तथ्य तथ्याङ्क, विभिन्न पुस्तक, लेख, रचना, शैक्षिक नीति नियम र तथ्याङ्कहरू, अनुसन्धानात्मक प्रतिवेदन, शोधपत्र, विद्यालयमा रहेका विभिन्न किसिमका रेकर्ड फाइलहरू, अभिलेख आदिबाट सहायक तथ्याङ्क सङ्कलन गरिनेछ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यो शोध अध्ययनकार्य पूरा गर्नका लागि नमूनामा छनोट परेका विद्यार्थी, शिक्षक, अभिभावक, व्यवस्थापन समितिको अध्यक्षहरु तथा सम्पूर्ण उत्तरदाताहरु सँग प्रत्यक्ष भेटघाट गरी अवलोकन, अन्तरवार्ता, र प्रश्नावाली जस्ता तथ्यांक संकलनका साधनको प्रयोग गरी तथ्यांक सङ्कलन गरिने छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

तथ्याङ्क विश्लेषण अध्ययन अनुसन्धानको महत्वपूर्ण पक्ष हो । यो अध्ययन गुणात्मक र परिमाणात्मक दुवैको मिश्रित अनुसन्धान भएकाले अनुसन्धान प्रश्नमा केन्द्रित रही नमूना छनोटमा परेका जनसङ्ख्यासँग गरिएको छलफल, लिइएको अन्तर्वार्ता, भराइएका प्रश्नावली जस्ता प्राथमिक स्रोतबाट शाब्दिक रुपमा प्राप्त तथ्याङ्क र सम्बन्धित दस्तावेज पुनरावलोकन, कार्यालयका अभिलेख जस्ता सहायक स्रोतबाट प्राप्त सहायक तथ्याङ्कलाई अध्ययनको उद्देश्य अनुसार विभिन्न समूहमा वर्गीकरण गरिनेछ । उक्त समूह भित्र आएका मुख्य विषयलाई छुट्याएर तिनीहरूको वर्ग वनाई तार्किक रुपमा ब्याख्या र विश्लेषण गरिनेछ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

प्रस्तुत बिषयको अध्ययनका लागि शोध प्रस्तावमा उल्लेख भएका विधि अनुसार नमूना जनसङ्ख्याका रूपमा छनोट भएका विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, गाउँ शिक्षा शाखा प्रमुखलाई भराइएको प्रश्नावलीबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा यस अध्ययनका उद्देश्यहरूलाई क्रमशः व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ अभिभावकको शैक्षिक अवस्था

वर्तमान समयमा शिक्षा सर्वव्यापी, जीवनपर्यन्त, मानवीय अधिकारका रुपमा नयाँ नयाँ खोज अनुसन्धान गरेर भईसकेको छ । विज्ञान र प्रविधिको प्रभाव पनि शिक्षा क्षेत्रमा परिसकेको छ । जसले गर्दा शिक्षा परम्परागत रुपमा मात्र सीमित नभई व्यक्ति समाज र राष्ट्रको आवश्यतालाई विचार गरी अनौपचारिक रुपमा पनि विस्तार भईरहेको छ । शिक्षा पत्राचार, दुरशिक्षा, रेडियो टि.भि. खुल्ला विश्वविद्यालय आदिको माध्यम बाट विकास र विस्तार भईरहेको यसलाई एक छुट्टै विषयको रुपमा स्वतन्त्र पहिचान र अस्तित्व भएको विषयका रुपमा लिईन्छ । अभिभावकहरुको शैक्षिक अवस्थाले उनीहरुका बालवालिहरुको भविष्यको दिशा निर्देश गर्दछ । अभिभावक शिक्षित भएमा मात्र छोराछोरीलाई शिक्षामा लगानी गर्नु पर्छ भन्ने मान्यताको विकास हुन्छ । यस अध्ययनमा अभिभावकलाई उनीहरुको शैक्षिक अवस्था सम्बन्धी सोधिएको प्रश्नवालीबाट प्राप्त नतिजालाई निम्न अनुसार उल्लेख गरिएको छ :

### ४.१.१ आधारभूत विद्यालयमा अभिभावकहरुको शैक्षिक अवस्था

यस अध्ययनमा झापा जिल्ला कमल गाउँपालिका शिक्षा शाखा अन्तर्गत तीनवटा आधारभूत विद्यालय र तीनवटा मा.वि. विद्यालयहरुका अभिभावकहरुको शैक्षिक अवस्थालाई अध्ययन गरिएको छ जसमध्ये आधारभूत विद्यालयमा अभिभावकको शैक्षिक अवस्था सम्वन्धी विवरणलाई तलकको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं १ : आधारभूत विद्यालयमा अभिभावकहरुको शैक्षिक अवस्था**

| विद्यालय / शिक्षा | कञ्चनजङ्गा आ.वि | ज्योति आ.वि | गुहेश्वरी आ.वि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| साक्षरता | ६ | ६ | ५ | १७ | ६२.९६ |
| निरक्षरता | ३ | ३ | ४ | १० | ३७.०४ |
| आधारभूत तह | ३ | २ | १ | ६ | २२.२२ |
| मा.वि तह | २ | ३ | २ | ७ | २५.९३ |
| उच्च शिक्षा | १ | १ | २ | ४ | १४.८१ |

स्रोत : स्थलगत सर्वेक्षण २०७६

माथिको तालिका अनुसार छनोटमा परेका आधारभूत विद्यालयहरुका ६२.९६ प्रतिशतहरु साक्षरता रहेको पाईयो भने ३७.०४ प्रतिशत अभिभावकहरु निरक्षर पाईयो । सवैभन्दा वढी निरक्षर अभिभावक गुहेश्वरी आधारभूत विद्यालयमा रहेको पाईयो । जहाँ नमूनामा परेका ९ जना अनिभावक मध्ये ४ जना अभिभावक निरक्षर रहेको भेटियो । समग्रमा यी विद्यालयमा २२.२२ प्रतिशत अभिभावकले आधारभूत शिक्षा हासिल गरेका छन् भने मा.वि. र उच्च शिक्षा हासिल गर्ने अभिभावकको प्रतिशत क्रमशः २५.९३ र १४.८१ प्रतिशत रहेको छ । आधारभूत विद्यालयहरुमा उच्च शिक्षा हासिल गर्ने अभिभावक गुहेश्वरीमा अन्य भन्दा बढी रहेका छन् भने कञ्चनजङ्गा आधारभूत विद्यालयमा र ज्योति आधारभूत विद्यालयमा समान १/१ जना अभिभावकले मात्र उच्च शिक्षा हासिल गरेको पाईयो । नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार ५९.९ प्रतिशत मानिसहरु शिक्षित वा साक्षर रहेका छन् । यसको तुलनामा यी आधारभूत विद्यालयहरुका अभिभावकहरुको साक्षरता दर बढी रहेको देखिन्छ । समग्रमा यस अध्ययनमा छनोटमा परेका विद्यालयमा अध्ययनरत विद्यालयका साक्षर अभिभावकहरुको संख्या मध्ये आधारभूत र उच्चशिक्षा हासिल गर्ने अभिभावको तुलनामा मा.वि. तहको शिक्षा हासिल गर्ने अभिभावको संख्या बढी रहेको देखिन्छ ।

### ४.१.२ माध्यमिक विद्यालयहरुमा अभिभावकहरुको शैक्षिक अवस्था

विद्यालयको नयाँ संरचना अनुसार कक्षा एक देखि आठ सम्मको शिक्षालाई आधारभूत तह मानिन्छ। त्यस्तै कक्षा नौ देखि बाह्र कक्षासम्मलाई माध्यमिक तहको शिक्षा मानिन्छ। यस अध्ययनमा माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभावकको शिक्षाको अवस्थालाई निम्न अनुसार उल्लेख गरेको छ :

**तालिका नं २ : माध्यमिक विद्यालयमा अभिभावकहरुको शैक्षिक अवस्था**

| विद्यालय / शिक्षा | कमला मदन आश्रित स्मृति मा.वि. | नरेन्द्र जनता मा.वि | शहीद धर्मभक्त मा.वि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| साक्षर | ४ | ३ | ५ | १२ | ६६.६६ |
| निरक्षर | २ | ३ | १ | ६ | ३३.३४ |
| आधारभूत तह | १ | ० | २ | ३ | १६.६६ |
| मा.वि.तह | २ | २ | १ | ५ | २७.७७ |
| उच्च शिक्षा | १ | १ | २ | ४ | २२.२२ |

स्रोत : स्थलगत सर्वेक्षण २०७६

शिक्षाले मानिसको अन्तर्निहीत प्रतिभालाई प्रस्फुटन गराउँदछ। त्यसैले शिक्षित आमाबुवाले आफ्ना छोराछोरीलाई राम्रो शिक्षा दिक्षा दिने गर्दछन्। माथिको तालिका नं २ मा उल्लेख गरिए अनुसार छनोटमा परेका माध्यमिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका अभिभावकको शिक्षाको स्थितिलाई उल्लेख गरिएको छ। मा.वि. तहमा अध्ययन गर्ने अभिभावक मध्ये ६६.६६ प्रतिशत अभिभावक साक्षर रहेको र बाकी ३३.३४ प्रतिशत भने निरक्षर रहेको पाईयो। कमला मदन आश्रित मा.वि मा एक जना अभिभावकले आधारभूत तहको शिक्षा हासिल गरेको तथ्याङ्कले देखाउँछ भने नरेन्द्र जनता मा.वि मा आधारभूत शिक्षा हासिल गर्ने अभिभावक एक जना पनि नरहेको पाईयो। त्यस्तै मा.वि. तहको शिक्षा हासिल गर्ने अभिभावकहरु २७.७७ प्रतिशत र उच्च शिक्षा प्राप्त गर्ने अभिभावकहरु २२.२ प्रतिशत रहेको छ। जसमा दुवै मा.वि मा २/२ जना अभिभावकहरुले मा.वि तहको शिक्षा हासिल गरेको पाईयो भने १/१ जना

अभिभावकले उच्च शिक्षा सम्मको शिक्षा हासिल गरेको तथ्याङ्कले देखाउँछ । यसरी हेर्दा राष्ट्रिय जनगणना २०६८ का अनुसार ५९.९ प्रतिशत सक्षरता रहेकोमा यस अध्ययनमा परेको मा.वि. का अभिभावकहरुको साक्षरता दर त्यसको तुलनामा बढी (६६.६६) प्रतिशत रहेको छ । यसले गर्दा साक्षर अनि शिक्षत अभिभावकहरुको छोराछोरीहरुको विद्यालय शिक्षाको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने गरेको देखिन्छ । समग्रमा माद्यमिक विद्यालयमा अभिभावकहरुको शैक्षिक अवस्थालाई हेर्दा साक्षर आमाबावुको छोराछोरीहरुको सिकाइ उपलब्धि निरक्षर आमाबावुको छोराछोरीको भन्दा राम्रो देखियो ।

## ४.२ अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव

शिक्षा प्राप्त गर्न पाउने बालकको अधिकारलाई सुरक्षित गर्न र विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्न अभिभावकको शैक्षिक स्थितिलाई आवश्यकता अनुसार लगानी गर्नुपर्दछ । शैक्षिक विकासमा कोशेढुङ्गाको रुपमा कार्य गर्न र विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्न साथै अभिभावकको शैक्षिक स्थितिलाई ठीक किसिमले उपयोग गरी शैक्षिक उपलब्धिमा पारेको प्रभाव पत्ता लगाउनु नै यस अनुसन्धानको मुख्य कार्य हो । साधारणतया अभिभावक शिक्षित भएमा उनीहरुले आफ्ना बालवालिकाहरु लागि राम्रो लगानी शिक्षामा गर्दछन् । यदी विद्यार्थीको अभिभावकहरुको शिक्षाको स्तर कम वा निरक्षर छ भने उनीहरुले आफ्ना बालवालिकाहरुको सिकाइ उपलब्धि बुभ्न्न विद्यालयका खासै चासो कम राख्दछन् । उनीहरु आफ्नो कामलाई पहिलो प्राथमितामा राख्ने गर्दछन् त्यस पछि मात्र छोराछोरीको शिक्षालाई प्राथामिकता दिन्छन् । यहाँ अध्ययन गरिएका विद्यालयहरुका शैक्षिक स्थितिले उनीहरुका बालवालिकाहरुको सिकाइ उपलब्धिमा पारेको प्रभावलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

प्रत्येक ब्यक्तिमा रहेको प्रतिभालाई बाहिर ल्याउने कार्य शिक्षाले गर्दछ । शिक्षाले मानिसलाई शिक्षित मात्र नबनाई जीवननिर्वाहका बाटाहरु प्रसस्त गरिदिन्छ । त्यसैले बालवालिकाको शिक्षामा राष्ट्रले राम्रो लगानी गर्नु पर्दछ । कलिला बालवालिकाहरुको पथप्रदर्शक उनीहरुका अभिभावक हुन् । उनीहरुले आफ्ना छोराछोरीलाई राम्रो शिक्षा दिक्षा दिनुपर्दछ । जुन कुरा अभिभावकको शिक्षामा नै निर्भर हुने गर्दछ । शिक्षित अभिभावकले आफ्ना नानीहरुको सिकाइ उपलब्धिको बारेमा बुभ्न्न विद्यालयमा नियमित रुपमा जाने गर्दछन् । जसले विद्यार्थीको

सिकाइमा सकारात्मक परिवर्तन आउँछ । यसले विद्यार्थीको व्यवहारमा अपेक्षित परिवर्तन ल्याउँछ । त्यसैले बालवालिकाको शिक्षा उनीहरुको अभिभावकमा निर्भर रहन्छ । विद्यालयमा पढ्ने विद्यार्थीहरुको वाजे, वजै, आमा, बुवा, दाजु, दिदी आदि व्यक्तिहरुलाई विद्यार्थीका अभिभावक मानिन्छ । यस्ता अभिभावकहरुले समय समयमा विद्यालय आएर आफ्नो नानीहरुको शैक्षिक उपलब्धिको बुझ्नु पर्दछ । जसले गर्दा विद्यार्थीहरुको शिक्षण सिकाइ कार्यमा अपेक्षित उपलब्धि भई विद्यार्थीहरुको व्यवहारमा परिवर्तन आउँछ । यदी अभिभावक शिक्षित भएमा उ आफ्ना नानीहरुको शिक्षा प्रति सचेत हुने गर्दछन् । आफ्ना नानीहरुको उज्जल भविष्यको लागि शिक्षामा राम्रो लगानी पनि गर्दछन् । त्यसै भएर अभिभावकको शिक्षाले विद्यार्थीको शिक्षामा सकारात्मक प्रभाव पर्ने गर्दछ । तर कहिलेकाही अभिभावक शिक्षित भएर पनि उनीहरुले छोराछोरीको लागि शिक्षामा उचित लगानी गर्दागर्दै पनि उनीहरुका नानीहरुले सोचे अनुरुपको सिकाइ उपलब्धि हासिल गर्न सक्दैनन् । यस अध्ययन क्षेत्रको विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभावकहरुको शिक्षाको अवस्थाले उनीहरुको बालवालिकाको शिक्षामा परेको प्रभावलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

### ४.२.१ आधारभूत विद्यालयहरुमा अभिभावकहरुको शैक्षिक अवस्था अनुसार विद्यार्थीको शैक्षिक उपलब्धि

यो अध्ययन झापा जिल्लाको कमल गाउँपालिका शिक्षा शाखा, अन्तर्गत तीन वटा आधारभूत विद्यालय र तीनवटा माध्यमिक विद्यालयहरुमा अभिभावकको शैक्षिक अवस्थाले विद्यार्थीको शैक्षिक उपलब्धिमा देखिएको प्रभावलाई उल्लेख गरिएको छ । जसलाई निम्न अनुसार उल्लेख गरिएको छ :

**तालिका नं ३ : अभिभावकहरुको शैक्षिक अवस्था अनुसार आधारभूत विद्यार्थीको शैक्षिक उपलब्धि**

| अभिभावकको शैक्षिक स्तर | कञ्चनजङ्गा आ.वि. विद्यार्थीको (औषत प्राप्ताङ्क) | ज्योति आ.वि. विद्यार्थीको(औषत प्राप्ताङ्क) | गुहेश्वरी आ.वि. विद्याथीको.(औषत प्राप्ताङ्क) |
|---|---|---|---|
| साक्षर | $B^+$ | $B^+$ | $B^+$ |
| निरक्षर | C | $C^+$ | C |
| आधारभूत तह | B | B | B |
| मा.वि. | $B^+$ | B | $B^+$ |
| उच्च शिक्षा | A | A | B |

सोत : स्थलगत सर्वेक्षण २०७६

अभिभावकको शैक्षिक अवस्थाले विद्यार्थीको शैक्षिक अवस्थालाई प्रत्यक्ष रुपमा प्रभाव पर्ने गर्दछ । जुन तथ्यलाई माथिको तालिकाबाट स्पष्ट पारिएको छ । तालिका नं ३ अनुसार साक्षर अभिभावकहरुको विद्यार्थीका औषत उपलब्धि $B^+$ देखिन्छ भने निरक्षर आमाबावुका विद्यार्थीहरुको शैक्षिक अवस्था C वा $C^+$ सम्मको शैक्षिक उपलब्धि हासिल गरेको पाईन्छ । यस तथ्याङ्कबाट प्रष्ट हुन्छ की आफ्ना बालवच्चाहरुको शिक्षा प्रति शिक्षित अभिभावकहरु चासो र लगानी राम्रो भएको हुन्छ । तर अभिभावकमा शिक्षाको स्तर कमजोर छ भने शिक्षाको महत्वका विषयमा कम जानकारी हुन्छ र उसका नानीहरुले विद्यालय शिक्षामा प्राप्त शैक्षिक उपलब्धि प्रति त्यति चासो दिएको पाईदैन । शिक्षित अभिभावकहरु जसले साक्षरता सम्मको शिक्षा हासिल गर्नु भएको छ त्यस्ता अभिभावकहरुको विद्यार्थीहरुले तीन वटा आधारभूत विद्यालयमा B ग्रेडको शैक्षिक उपलब्धि प्राप्त गरेको देखिन्छ । यस प्रस्ट भएको छ की अभिभावकको शैक्षिक अवस्था र उनीहरुको बालवालिकाहरुको शैक्षिक अवस्था वीच सकारात्मक घनिष्ट सम्वन्ध रहेको हुन्छ । उच्च शिक्षा प्राप्त गरेका अभिभावकका बालवालिकाहरुले कञ्चनजङ्गा र ज्योति आधारभूत विद्यालयमा A ग्रेडको सिकाइ उपलब्धि प्राप्त गर्नुले आफ्ना बच्चाहरुको शिक्षा प्रतिको चासो र लगानी राम्रो रहेको देखिन्छ । यसरी माथिको तालिकामा रहेको तथ्याङ्कहरुले समग्रमा अभिभावकको शिक्षा र उनीहरुको बालवालिकाप्रति सकारात्मक सम्वन्ध रहेको र न्यून शिक्षा

भएका वा निरक्षर अभिभावकहरुको बालवालिकाहरुको शैक्षिक अवस्था शिक्षित अभिभावकको तुलनामा कमजोर रहेको पाईन्छ ।

## ४.२.२ माध्यमिक विद्यालयहरुमा अभिभावकहरुको शैक्षिक अवस्था अनुसार विद्यार्थीको शैक्षिक उपलब्धि

विद्यालयको नयाँ  संरचना अनुसार कक्षा एक देखि आठ कक्षा सम्मलाई आधारभूत तह भनिन्छ र कक्षा नौ देखि कक्षा बाह्र सम्मलाई माध्यमिक तह भन्ने गरिन्छ । माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरुको अभिभावकको शिक्षाले उनीहरुको सिकाइ उपलब्धिमा प्रभाव पर्दछ । यदि अभिभावकको शैक्षिक स्तर माथिल्लो तहको छ भने उनीहरुको बालवच्चाहरुको शिक्षा पनि स्वभावैले राम्रो भएको हुनुपर्दछ । यहाँ अध्ययन गरिएको क्षेत्रका माध्यमिक विद्यालयमा अभिभावकहरुको शैक्षिक अवस्थाले विद्यार्थीमा पारेको प्रभावकोलाई निम्न अनुसार उल्लेख गरिएको छ :

**तालिका नं ४ : अभिभावकहरुको शैक्षिक अवस्था अनुसार माध्यमिक विद्यालयमा विद्यार्थीको शैक्षिक उपलब्धि**

| अभिभावकहरुको शैक्षिक स्तर | कमला मदन आश्रित मा.वि. (विद्यार्थीहरुको औषत सिकाइ उपलव्धि) | नरेन्द्र जनता मा.वि (विद्यार्थीहरुको औषत सिकाइ उपलव्धि) | शहीद धर्म भक्त मा.वि (विद्यार्थीहरुको औषत सिकाइ उपलव्धि) |
|---|---|---|---|
| साक्षर | $B^+$ | $B^+$ | $B^+$ |
| निरक्षर | C | C | $C^+$ |
| आधारभूत तह | $B^+$ | B | $B^+$ |
| मा.वि तह | $A^+$ | A | A |
| उच्च शिक्षा | A | A | A |

स्रोत : स्थलगत सर्वेक्षण २०७६

शिक्षित व्यक्तिहरुले मात्र असल अभिभावकको भुमिका निर्वाह गर्ने गर्दछ । बावुआमा शिक्षित भएमा मात्र छोराछोरीहरु शिक्षित एवम् सक्षम हुन्छन् । त्यसैले बालवालिकाको सम्पूर्ण शिक्षा

उनीहरुको अभिभावकको शैक्षिक स्तर सँग भर पर्दछ । माथिको तालिकामा यस अध्ययनमा छनोटमा परेका माध्यमिक विद्यालयहरुको अभिभावकले उनीहरुको सिकाइ उपलब्धिमा पारेको प्रभावलाई उल्लेख गरिएको छ । साक्षर अभिभावकहरुको विद्यार्थीहरुको औषत सिकाइ उपलब्धि $B^+$ रहेको छ भने निरक्षक अभिभावकहरुको विद्यार्थीको शैक्षिक उपलब्धि C रहेको छ । यसबाट प्रस्ट हुन्छ की अभिभावकहरु शिक्षित भएमा उनीहरुको छोराछोरी शिक्षामा सकारात्मक प्रभाव पर्दछ । बाबुआमा छोराछोरीको शिक्षा दिक्षा प्रति गम्भिर भएको पाईयो । सबै विद्यालयमा उच्च उच्च शिक्षा हासिल गर्ने अभिभावकहरुको विद्यार्थीको शैक्षिक उपलब्धि A ग्रेडको रहेको देखिन्छ भने आधारभूत शिक्षा हासिल गर्ने अभिभावकको छोराछोरीहरुको शिक्षा भने कमला मदन आश्रित मा.वि. र श्री शहीद धर्मभक्त मा.वि. मा $B^+$ र नरेन्द्र जनता माध्यमिक विद्यालयमा B ग्रेडको सिकाइ उपलब्धि हासिल गरेको देखिन्छ । त्यस्तै गरेर मा.वि. तहको शैक्षिक योग्यता हासिल गर्ने आमाबुवाको छोराछोरीहरुको विद्यालयमा सिकाई उपलब्धि औषतमा A ग्रेडको रहेको पाईएको छ । जसमा कमला मदन आश्रित मा.वि मा $A^+$ ग्रेडको नतिजा र बाँकी दुई विद्यालयहरु नरेन्द्र जनता मा.वि र शहीद धर्म भक्त मा.वि मा भने विद्यार्थीहरुले A ग्रेडको सिकाइ उपलब्धि हासिल गरेको पाईन्छ । यसरी हेर्दा निरक्षर अभिभावकहरुले छोराछोरीको शिक्षालाई भन्दा पनि आफ्नो कामलाई प्राथमिकतामा राखेको देखिन्छ । उनीहरु नियमित रुममा विद्यालयमा छोराछारीको शिक्षा के कसो छ भनी विद्यालयमा खासै जाने गरेको पाईएन । उता शिक्षित अभिभावकहरु भने छोराछोरीहरुको विद्यालयमा नियमितता, अनुशासन र सिकाइ उपलब्धि बुझ्न विद्यालयमा चासोको साथ समय समयमा आउने गरेको पाईयो ।

## ४.२.३ विद्यार्थीको पढाइ प्रतिको रुचि

विद्यालयको केन्द्रविन्दु भनेको विद्यार्थीहरु नै हो । किनकी विद्यालयमा जे जति क्रियाकलाप हुन्छन् त्यी सबै विद्यार्थीहरुका लागि हुनेगर्दछन् । विद्यालयमा कक्षा शिक्षण कार्य गर्दा विद्यार्थीको सिकाई प्रतिको रुचि एवम् धारणा सम्वन्धी मनोविज्ञान राम्रो सँग बुझेर मात्र गर्नुपर्दछ । यसरी विद्यार्थीको विद्यालयमा पढाई प्रतिको रुचि जगाउने कार्यमा उनीहरुका अभिभावकहरुको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले विद्यार्थीप्रतिको रुचि र उनीहरुको अभिभावकहरुको शैक्षिक स्तर विच सकारात्मक र आन्योन्याश्रित सम्वन्ध रहेको हुन्छ । कमला मदन आश्रित माद्यमिक

विद्यालयका प्रधानाध्यापकको भनाई अनुसार, “विद्यायलमा पढाईमा कम्जोर भएका विद्यार्थीहरु, पढाई प्रति त्यति राम्रोसँग ध्यान नदिने विद्यार्थीहरु, कम्जोर अनुशासन भएका विद्यार्थीहरुको प्रायः अभिभावकहरु निरक्षर रहेको, विद्यालयका प्रथम, द्धितीय तथा समग्रमा A⁺ वा A ग्रेड ल्याउने विद्यार्थीहरुको अभिभावकहरुको शैक्षिक स्तर उच्च तहको रहेको बताउँनुहुन्छ” । त्यसै गरी शहीद धर्मभक्त माध्यमिक विद्यालयमा पनि त्यस विद्यालयका प्र.अ. र शिक्षकहरुका अनुसार, “शिक्षित आमाबावुको छोराछोरीको पढाई प्रति साथै समग्र पक्षहरु राम्रो भएको तर विद्यालयमा होहल्ला गर्ने र पढाईमा खासै चासो नदिने विद्यार्थीहरुको घरायसी वातावरण त्यति राम्रो नभएको र उनीहरुको अभिभावहरु प्रायः निरक्षक रहेको बताउनुहुन्छ” ।

आधारभूत विद्यालयमा पनि धेरै जसो कम्जोर विद्यार्थीहरुका अभिभावकहरुको शैक्षिक स्तर कम वा निरक्षर रहेको पाईन्छ । ज्योति आधारभूत विद्यालयका प्रधानाध्यापक भन्नुहुन्छ, “केही विद्यार्थीहरु जो पढाई प्रति निकै चासो लिने गर्दछन् अरु अतिरिक्त क्रियाकलाप पनि भाग लिने गर्दछन् तर तीनका अभिभावक भने निरक्षर रहेका छन्” । अन्य दुई गुहेश्वरी आधारभुत विद्यालय र कञ्चनजङ्गा विद्यालयमा भने अभिभावकहरुको शैक्षिक स्थिति र विद्यार्थीको शिक्षण सिकाइ उपलब्धि विच सकारात्मक तथा घनिष्ठ सम्वन्ध रहेको पाईयो ।

## ४.२.४ विद्यार्थीहरुको अतिरिक्त क्रियाकलापमा सहभागिता

अतिरिक्त क्रियाकलापले विद्यार्थीको अन्तरनिहित प्रतिभालाई प्रष्फूटन गराउँदछ । विद्यालयमा विद्यार्थीका लागि अतिरिक्त त्रियाकलाप अनिवार्य सञ्चालन गर्नु पर्दछ । जसले गर्दा विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा अपेक्षित परिवर्तन ल्याउन सकिन्छ । विद्यार्थीका अभिभावकको शैक्षिक स्तरले विद्यार्थीहरुलाई अतिरिक्ति क्रियाकलापमा सहभागिता हुन सहयोग पुऱ्याउँछ । छनोटमा परेका विद्यालयका अतिरिक्त क्रियाकलापमा बढी चासो राख्ने विद्यार्थीहरुका आमाबुवाहरुको शैक्षिक स्तर शिक्षित नै पाईयो तर नरेन्द्र जनता मा.विका नमूनामा परेको कक्षा ९ र १० का दुई जना विद्यार्थीहरुको परिवार निम्न आर्थिक अवस्था र उनीहरुको बुवाआमाको शैक्षिक अवस्था निरक्षर रहेको पाईयो तर पनि उनीहरु विद्यालयका प्रत्येक अतिरिक्त क्रियाकलापमा सहभागिता जनाउने गर्दछन् र पढाईमा पनि उत्तिकै चासो राख्ने गर्दछन् ।

आधारभूत तीनै विद्यालयमा हप्तामा १ पटक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गरेको पाईयो । जसमा विद्यार्थीहरुको उल्लेख्य सहभागिता रहेको पाईन्छ । यसरी सहभागी हुने विद्यार्थीका प्रायः जसो अभिभावकहरु शिक्षित नै रहेको पाईयो । शिक्षित अनि सचेत अभिभावकले आफ्नो छोराछोरी विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सहभागिता जनाएमा गर्व गर्दछन् । तर ज्योति आधारभूत विद्यालयका प्रधानाध्यापकले भनाईमा, “यस्ता अतिरिक्त क्रियाकलापमा कम्जोर विद्यार्थीहरुलाई सहभागी गराउने कुरामा जोड दिएका छन् । यसरी सहभागी गराएमा उनीहरुको सिकाइ उपलब्धिमा अपेक्षीत परिवर्तन ल्याउन सकिन्छ भन्ने धारणा व्यक्त गनुहुन्छ” । गुहेश्वरी आधारभुत विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा भने विद्यार्थीहरुलाई नै सञ्चालन गर्न लगाएको पाईयो । यसो गर्दा “विद्यार्थीनै सक्रिय भई सिक्ने र नेतृत्व गर्ने क्षमताको विकास हुने कुरा” विद्यालयका प्रधानाध्यापक बताउनुहुन्छ । तर यस विद्यालयमा शिक्षित अभिभावकको छोराछोरीहरुनै यस्ता अतिरिक्त कार्यक्रमा सहभागी भएको पाईयो ।

## ४.२.५ विद्याथीहरुको अनुशासन प्रति सचेतना

अनुशासन विद्यार्थीको गहना हो । अनुशासन विना विद्यार्थीको सिकाइ उपलब्धिमा अपेक्षित परिर्वतन ल्याउन सकिदैन । विद्यायलमा विद्यार्थीलाई अनुशासनको पाठ सिकाउने काम शिक्षकको हो भने घरमा उनीहरुका अभिभावकको पनि हो । शिक्षित आमाबुवाले आफ्नो छोराछोरीलाई सानै उमेरबाट नै अनुशासनको पाठ सिकाउने गर्दछन् । विद्यालयका विद्यार्थीहरु अनुशासन प्रति सचेत हुनमा उनीहरुको अभिभावकहरुको शैक्षिक अवस्थामा पनि भरपर्दछ । यस अध्यनमा छनोट भएका प्रायः सवै माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरु ठुला उमेरका भएकाले आफ्नो अनुशासन प्रति आफै सचेत रहेको पाईयो । आधारभूत विद्यालयमा भने विद्यार्थीको उमेर माध्यमिक विद्यालयको भन्दा कम रहेकाले विद्यालयमा विद्यार्थीहरुलाई कक्षामा समय समयमा पाठ पढाउने गरेको पाईयो । ज्योति आधारभूत विद्यालयमा विद्यालय सुरु हुनभन्दा अगाडि नै विद्यार्थीहरु पोशाकमा आएनआएको, छात्राहरुले कपाल रिवनले बाधे नबाधेको,  नङ काटेवा नकाटेको भनी परीक्षण गर्ने गरेको र सो कार्य नगरी आएको पाईएमा उनीहरुलाई सचेत गराउने गरेको पाईयो । गुहेश्वरी आधारभुत विद्यालयका प्रधानाध्यापक भन्नु हुन्छ, “ शिक्षित बाबुआमाका विद्यार्थीहरु नियमित रुपमा अनुशासित भएर आउने गरेको छन् ।

तर निरक्षर अभिभावकहरुको विद्यार्थीहरु भने कहिले पोशाक नलगाई विद्यालय आउने, विद्यालयमा साथिभाइ सँग झगडा गर्ने, अतिरिक्त क्रियाकलापमा कम चासो दिने गरेको बताउँनुहुन्छ" । समग्रमा भन्दा अध्ययन गरिएका विद्यालयमा शिक्षित अभिभावकहरुका विद्यार्थीहरु विद्यालयको अनुशासन प्रति सचेत रहेको देखिन्छ ।

## ४.३ अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीको सिकाइ उपलब्धिमा देखिएका समस्या

प्रत्येक बालवालिकाहरुको भविश्य उज्वल बनाउन अभिभावकहरुले छोराछोरीहरुको लागि शिक्षामा राम्रो लगानी गरेका हुन्छन् । उनीहरु आफ्ना बालवालिकाहरुको शिक्षामा बढी चासो राख्दछन् । जुनसुकै व्यक्तिको भविश्यको आधार भनेको विद्यालय तहको शिक्षा नै हो । त्यस समयमा बालवालिकाहरुलाई राम्रो शिक्षा दिन सकिएमा व्यक्ति प्रगति तर्फ उन्मुख हुन्छ । तर अभिभावकको शैक्षिक स्तर राम्रो भएर पनि उनीहरुको बालवालिकाको शैक्षिक उपलव्धिमा विभिन्न समस्याहरु रहेका हुन्छन् । यस अध्ययनमा छनोटमा परेका विद्यालयहरुमा अभिभावकहरुको शैक्षिक अवस्थाले विद्यार्थीहरुको उपलब्धिमा परेको प्रभावलाई निम्न अनुसार उल्लेख गरिएको छ :

### ४.३.१ विद्यार्थीको सिकाइ उपलब्धि अपेक्षाकृत नहुनु

विद्यालयमा कक्षा शिक्षण क्रियाकलाप उपयुक्त शैक्षिक समाग्रीहरुको प्रयोग गरिएता पनि विद्यार्थीहरुमा अपेक्षा गरिए अनुसार सिकाइ उपलब्धि नहुनु समस्याको रुपमा रहेकोछ । अभिभावकहरुले आफ्ना छोराछोरीहरुको शिक्षा प्रति चासो राखे पनि उनीहरुले सोचे बमोजिमको प्रगति गर्न सकेको देखिदैन । "केही अभिभावकहरु विहान जागिरमा जाने र वेलुकामात्र घरमा आउँने गर्दछन् । त्यस्ता अभिभावकहरुले छोराछोरीहरुको पढाईमा खासै समय दिन नसकेकोले गर्दा विद्यार्थीको शैक्षिक उपलब्धि सन्तोषजनक नभएको" गुहेश्वरी आधारभूत विद्यालयका प्रधानाध्यापक बताउनुहुन्छ । कतिपय अभिभावक विद्यालयमा हुने क्रियाकलापहरुमा आफ्ना नानीहरुको के कतिको सहभागिता छ भनी बुझ्न प्राय विद्यालयमा नआउँने तर बालवालिकाहरुको सिकाई उपलब्धि राम्रो नभएको भनी प्रधानाध्यापक तथा शिक्षकसँग गुनासो गर्ने गर्ने गरेको पाईयो । एक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षले भन्नुभयो, "विद्यार्थी विद्यालयमा मात्र ६ घण्टा रहने तर उनका अभिभावकसँग १८ घण्टा रहने भएकाले विद्यार्थीको

शिक्षामा उनीहरुका अभिभावकहरुले नै विशेष चासो राख्नु पर्दछ । यसो भएमा विद्यार्थीको सिकाई उपलब्धिमा प्रगति हन्छ” ।

माध्यमिक विद्यालयमा विद्यार्थीहरु आफ्नो पढाई प्रति आफै सचेत रहेको पाईयो । जसले गर्दा विद्यालयमा शिक्षकलाई पनि कक्षाकोठामा शिक्षण कार्य सञ्चालनमा सहयोग पुगेको पाईन्छ । “तर केहि विद्याथीहरु भने आधुनिक विकसित भएका सामाजिक सन्जाल फेसबुक, टुईटरमा घरको समयमा ब्यस्त हुने भएकोले पढाइका कम्जोर भएको” एक विद्यालयका प्रधानाध्यापक बताउनुहुन्छ । अर्को दुई विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरुका अनुसार, “विद्यालयमा पढाई प्रति विद्यार्थीहरु नै सचेत रहेकाले त्रैमासिक, अर्धबार्षिक र बार्षिक सिकाइ उपलब्धिमा विद्यार्थीले सन्तोषजनक परिणाम ल्याएको पाईन्छ” ।

## ४.३.२ विद्यालयका क्रियाकलापमा अभिभावक र विद्यार्थीको न्यून उपस्थिति

बिद्यालयमा वर्षभरीमा बिभिन्न खालका कार्यक्रमहरु संचालन गरिएका हुन्छन । त्यस्ता कार्यक्रममा प्रायजसो निरक्षर अभिभावकहरु न्यून उपस्थित रहेको पाईयो । यसो हुनमा उनीहरुले आफ्ना वालबालिकाको पढाइलाई भन्दा पनि आफ्नो कामलाई प्रमुख प्राथमिकतामा राखेको देखिन्छ । त्यस्ता अभिभावकहरुका छोराछोरीहरु विद्यालयमा संचालन हुने कक्षा शिक्षण वाहेकका अन्य क्रियाकलापहरुमा उपस्थिति न्युन रहेको पाईयो । “कतिपय शिक्षित अभिभावकहरु आफ्नो जागिरको कार्यव्यस्तताले विद्यालयले आयोजना गरेको अभिभावक भेलामा समेत उपस्थित नभएको” एक माध्यमिक विद्यालयका प्रधानाध्यापक बताउनु हुन्छ । यसरी अभिभावकहरुले विद्यालयमा आयोजना गर्ने क्रियाकलापहरुमा कम सहभागिता जनाउँदा उनीहरुका बालवालिकाको सिकाइ उपलब्धि कम्जोर हुन साथै त्यस्ता विद्यार्थीहरु विद्यालयमा हुने अन्य अतिरिक्त क्रियाकलापमा न्यून सहभागिता जनाउने वा नजनाउने गर्दछ भनी कमला मदन आश्रित विद्यालयका प्रधानाध्यापक बताउनु हुन्छ ।

आधारभूत विद्यालय तर्फ प्रत्येक कक्षाका प्रथम, द्वितीय र तृतीय हुने अभिभावकहरु प्रायजसो विद्यालयले आयोजना गरेको क्रियाकलापमा उपस्थित भएको पाईयो । यसरी, “अभिभावकहरु विद्यालयमा आउँदा विद्यार्थीहरुको पढाई प्रतिको मनोवल उच्च रहेको” ज्योति आधारभूत विद्यालयका प्रधानाध्यापक बताउनु हुन्छ । अर्को एक विद्यालय शिक्षकले बताए अनुसार, “न्यून

साक्षरता भएका वा निरक्षर अभिभावकहरु शिक्षित अभिभावकको तुलनामा विद्यालयका क्रियाकलापमा कमै सहभागी हुने गरेको बताउँनु हुन्छ" । यसरी अभिभावकको शिक्षाले विद्यार्थीको सिकाइ उपलब्धिमा परेको समस्याको रुपमा विद्यालयीय क्रियाकलापमा अभिभावक तथा विद्यार्थीको न्यून उपस्थिति रहेको छ ।

### ४.३.३ विद्यार्थीहरुले कक्षाकार्य र गृहकार्य कहिलेकाही मात्र गर्ने

प्रत्येक विद्यार्थीका अभिभावकहरुले घरमा उनीहरुका बालवालिकाहरुको पढाईमा समय दिन नसक्दा विद्यार्थीहरुले विद्यालयमा दिएको गृहकार्य नगरी विद्यालयमा जाने गर्दछन् । विद्यार्थीको यस्तो वानीले सिकाइ उपलब्धिमा नकारात्मक असर पार्दछ, भने कक्षा शिक्षणका क्रममा शिक्षकले दिएको गृहकार्य नगरी विद्यालय जाने गर्दछन्, भने कक्षा शिक्षणका क्रममा शिक्षकले दिएको कक्षा कार्य नगरी विद्यार्थीहरुमा आलटाल गर्ने बानीको विकास हुन्छ । कञ्चनजङ्गा आधारभूत विद्यालयका प्रधानाध्यापकका अनुसार, "धेरै जसो गृहकार्य नगर्ने विद्यार्थीहरु कक्षा ६ र ७ कक्षामा रहेका छन् । यसबारे अभिभावकलाई जानकारी गराउँदा पनि विद्यार्थीमा कक्षाकार्य र गृहकार्य नगर्ने बानीमा भने खासै सुधार भएको देखिदैन" । अर्को विद्यालयका व्यवस्थापन समितिका अध्यक्षका अनुसार, "केही अभिभावकहरुले आफ्ना नानीहरुलाई विद्यालयमा दिएको गृहकार्य गर्नको लागि ट्यूसन पठाउने गरेको बताउनुहन्छ" ।

माध्यमिक विद्यालयमा भने विद्यार्थीहरु आफ्नो पढाई प्रति सचेत भएको कारण प्रायजसो सवै विद्यार्थीले कक्षाकार्य र गृहकार्य गर्ने गरेको पाईयो । तर केही विद्यार्थीहरु जसका आमाबुवा निरक्षर छन् उनीहरु कक्षा कोठामा पछाडी वस्ने र कक्षाकार्य आलटाल गर्ने गृहकार्य गर्न विर्सेछु भन्ने जवाफ शिक्षकलाई दिने गर्दछन् । यसले विद्यार्थीको शिकाई उपलब्धिमा समस्या देखिएको छ ।

### ४.३.४ विद्यार्थीहरुमा विचैमा कक्षा छोड्ने र दोहोऱ्याउँने समस्या

सचेत एवम शिक्षित अभिभावकहरुले आफ्नो छोराछोरीको शिक्षा प्रति गम्भिर एवम चासो राख्ने भएकाले उनीहरुको अपेक्षाकृत सिकाई उपलब्धि हासिल भई कक्षा दोहोऱ्याउँने समस्या आउँदैन । तर दैनिक ज्याला मजदुरी गरी जीविका निर्वाह गर्ने निरक्षर वा साक्षरताको स्तर कम रहेका अभिभावकहरुको छोराछोरीहरुमा कक्षा दोहोऱ्याउँने र विचमा नै कक्षा छोड्ने समस्याहरु

विद्यमान रहेको छ । कञ्चनजङगा आधारभुत बिधालयका शिक्षकका अनुसार, “कम्जोर शैक्षिक र आर्थिक अवस्थाका अभिभावकहरु दैनिक रोजिरोटीका लागी मजदुरी गर्नुपर्ने भएकाले आफ्ना छोराछोरीको शिक्षामा ध्यान पुऱ्याउँन नसकेकाले बालवालिकामा कम सिकाई उपलव्धी मात्र प्राप्त हुने र शैक्षिक सत्रको विचबाट बिद्यालय नआउँने गर्दछ” । गुहेश्वरी आधारभुत विधालयमा विधालयका प्र.अ. का अनुसार, “शिक्षित अभिभावक जो निजामती कर्मचारी पेशामा आवद्ध रहेका छन उनीहरुको जागिरको सरुवा हुँदा उनीहरुको छोराछोरी लाई सँगै लैजाने गरेकाले शैक्षिक सत्रको विचमा कक्षा छोड्ने समस्या रहेको छ” । माध्यमिक विद्यालयमा भने कक्षा दोहोऱ्याउँने र विचमा कक्षा छोड्ने खालका आधारभूत विद्यालयको तुलनामा कम रहेको पाईयो, तर प्रायः विद्यालयमा SEE परीक्षामा विद्यार्थीहरुले कम ग्रेड वा फेल भएमा पढाई छोडी आयआर्जन कार्यमा विद्यार्थीहरु लाग्ने गरेको पाईयो ।

## ४.४ अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीको सिकाइ उपलब्धिमा देखिएका समस्या समाधानका उपायहरु

विद्यालय सञ्चालनको मुख्य जिम्मेवारी अभिभावक र शिक्षकहरुको रहेको हुन्छ । विद्यालयको नीति निर्माण, योजना तर्जुमा, कार्यक्रम सञ्चालन आदिमा बालवालिका, अभिभावक र समुदायको सक्रिय एवम् निरन्तर सहभागिताको आवश्यता हुन्छ । अभिभावकको शैक्षिक स्थिति राम्रो छ भने विद्यालयले सञ्चालन गरेका सम्पूर्ण कार्यमा सक्रिय सहभागिता रहन्छ । आफ्ना अभिभावकहरु विद्यालयप्रति जिम्मेवार भई भुमिका निर्वाह गरेको पाउँदा विद्यार्थीहरु उत्साहित हुन्छन् । विद्यार्थीहरुको अध्ययनप्रतिको धारणा सकारात्मक बन्न गई सिकाइ उपलब्धि सुधारमा सहयोग पुग्छ । विद्यालयमा सरोकारवालाको सहभागिता बढाउन अभिभावकहरुको शैक्षिक स्थितिले उल्लेख्य भूमिका निर्वाह गरेको पाइयो । यस अध्ययनमा अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीहरुको सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धी समस्याहरुलाई निम्न अनुसार उल्लेख गरिएको छ :

### ४.४.१ विद्यार्थीको सिकाइ उपलब्धिमा वृद्धि गर्नु

विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धिगर्न उनीहरुको अभिभावकहरुको मुख्य भूमिका हुन्छ । प्रत्येक शिक्षित अभिभावकले आफ्ना छोराछोरीको पढाइ प्रतिको चासो अनि अन्य वाह्य गतिविधिहरुमा

पनि प्रत्यक्ष निगरानी गरिरहेका हुन्छन् । अभिभावकको निगरानीले विद्यार्थीहरुमा समयमै गृहकार्य गर्ने बानिको विकास हुन्छ । यसको परिणाम स्वरुप विद्यार्थीको सिकाइ उपलब्धिमा वृद्धि हुनजान्छ तर अभिभावकहरु नै निरक्षर भएपछि उनीहरुका आफ्ना बालवालिकाहरु शैक्षिक अवस्थाप्रति कम चासो राख्ने हुनाले विद्यालयका कतिपय गतिविधिहरुमा खासै चासो नराख्ने हुन्छन् । नरेन्द्र जनता माध्यमिक विद्यालयका प्रधानाध्यापकका अनुसार, "विद्यालयमा विद्यार्थीको सिकाइ उपलब्धिमा अपेक्षा गरिए अनुरुप वृद्धिगर्न समय समयमा अभिभावकहरु आफ्ना नानीहरुको पढाइप्रतिको चासो साथै अन्य गतिविधीहरुमा के कस्तो अवस्था छ भनि बुझ्न विद्यालयमा आउनु पर्दछ" । कमला मदन आश्रित माध्यमिक विद्यालयका प्र.अ.का अनुसार, "मा.वि. तह वा सोभन्दा माथि शैक्षिक योग्यता भएका अभिभावकहरु छोराछोरीको विद्यालयीय गतिविधि तथा पढाइ कस्तो छ भनी बुझ्न प्रायः विद्यालयमा आउने गरेका छन् र उनीहरुका बालवालिकाहरुको शैक्षिक स्तर पनि सन्तोषजनक नै रहेको बताउनुहुन्छ" ।

आधारभूत विद्यालयका प्र.अ.को भनाई अनुसार, "विद्यालयमा समग्र शैक्षिक गुणस्तर बृद्धिगर्न अभिभावकको शैक्षिक स्तर र शिक्षा प्रतिको सचेतना नै हो । अभिभावकहरु छोराछोरीहरुको पढाई प्रतिको चासो राखी समय समयमा विद्यालय जाने गरेमा पनि पढाईको सुधार हुन्छ" । ज्योति आधारभूत विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षका अनुसार, "विद्यार्थीको शैक्षिक उपलब्धिमा सुधार ल्याउन अभिभावहरुको एकल प्रयासले मात्र हुदैन । त्यसका लागि शिक्षक, अभिभावक तथा विध्यार्थी वीच त्रिकोणात्मक सम्वन्ध हुनुपर्दछ । यी मध्ये कुनै एकको मात्र एकल प्रयासले अपेक्षाकृत सुधार ल्याउन सकिदैन । अझ विद्यार्थीहरु त लामो समय घरमा रहने हुनाले अभिभावकहरुको जिम्मेवारीता बढि देखिन आउँछ" । समयमा विद्यालय जाने, आउने, गृहकार्य गरे नगरेको हेर्ने, विद्यालयमा उसको अवस्था तथा स्थिति कस्तो छ, त्यो बुझ्नका लागि समय समयमा विद्यालय जाने अनि अन्य सामाजिक गतिविधीमा उसको चासो साथै साथी संगति कस्ता छन् ? यस्ता पक्षहरुमा प्रत्यक्ष निगरानी अभिभावकले गर्नुपर्दछ । त्यसैले विद्यार्थीको शैक्षिक उपलब्धि उपेक्षा गरिए अनुसार सुधार गर्न विद्यालय परिवार र अभिभावकबाट मात्र सम्भव देखिन्छ ।

### ४.४.२ विद्यालयका क्रियाकलापमा अभिभावक तथा विद्यार्थीहरुको सहभागिताबढाउनु पर्ने

प्रत्येक विद्यालयमा एक शैक्षिक सत्रमा विभिन्न खालका कार्यक्रमहरुको आयोजना गरिन्छ। त्यस्ता कार्यक्रमहरुमा विद्यालयका अभिभावकहरुको न्यून उपस्थिति रहनु समस्याको रुपमा रहेको छ। अर्कोतिर विद्यालयमा कक्षा शिक्षण देखि बाहेक विद्यालयका अतिरिक्त क्रियाकलाप सामान्य सिकाइ उपलब्ध भएका विद्यार्थीहरुको सहभागिता कम हुन पनि समस्याको रुपमा रहेको छ। शहीद धर्मभक्त माध्यमिक विद्यालयका प्रधानाध्यापकका अनुसार, “विद्यालयमा वार्षिक कार्यक्रम तथा अभिभावक भेलामा शिक्षित अभिभावकको तुलनामा निरक्षर अभिभावकको कम उपस्थिति रहेको छ। साथै त्यस्ता निरक्षर अभिभावकहरुकै बालवालिकाहरुको शैक्षिक अवस्था कमजोर भएको पाईएको छ”। अर्को एक विद्यालयका प्रधानाध्यापकका अनुसार, “विद्यालयले आयोजना गरेका विभिन्न कार्यक्रममा अभिभावकलाई आमन्त्रण गर्दा पनि अभिभावकको न्यून सहभागिता भएको बताउनु हुन्छ”।

आधारभूत विद्यालयहरुले माध्यमिक विद्यालयको तुलनामा कम मात्रामा विद्यालयका अन्य गतिविधीहरुको आयोजना गर्ने गरेको पाईयो। ज्योति आधारभूत विद्यालयका प्रधानाध्यापकका अनुसार, “यस्ता कार्यक्रमहरुमा शिक्षित वर्गका अभिभावकहरुको उपस्थिति बढी हुने गरेको पाईयो। अभिभावकहरुले आफ्ना छोराछोरीहरुलाई विद्यालयमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलापमा सहभागिता हुन प्रोत्साहित भएको पाईयो भने निरक्षर अभिभावकहरुले बालवलिकाको पढाई तथा विद्यालयमा आयोजना हुने कार्यक्रममा सहभागी हुनभन्दा आफ्नो आफ्नो दैनिक मजदुरी कामलाई प्राथमिकतामा राखेको पाईयो”। यस्ता समस्याहरुको समाधानको लागि अभिभावकहरुलाई बालवालिकाहरुको शिक्षाप्रतिचेतना अभिवृद्धि गर्नुपर्दछ। यसको आशय आजको सन्दर्भमा अभिभावक शिक्षा अनिवार्य रहेको छ।

### ४.४.३ विद्यार्थीहरुलाई कक्षा कार्य र गृहकार्य गर्न प्रोत्साहित गर्नुपर्ने

कक्षाकार्य र गृहकार्य विद्यालयमा अध्ययनरत विद्यार्थीको नियमित कार्य हो। यसले विद्यार्थीको सिकाइ उपलब्धि बृद्धि गर्न सहयोग गर्दछ। शिक्षित अभिभावकहरुले आफ्नो बालवालिकाको गृह कार्य, कक्षा कार्य के कस्तो छ भनी घरमा नियमित चेकजाँच गर्ने गर्दछन्। फलस्वरुप

बालबालिकाहरु पनि सिकाइ प्रति उत्प्रेरित हुन्छन् । त्यसैले अभिभावक वर्गले पनि आफ्ना बालबालिकाहरुले निर्धक्क प्रश्नहरु राख्ने सक्ने वातावरण बनाउनु पर्दछ । अनि मात्र अभिभावक र बालबालिका वीच सामिप्यता बढ्दछ । त्यसैले अभिभावकको शैक्षिक अवस्था र विद्यार्थीहरुको सिकाइ उपलव्धी विच घनिष्ट सम्वन्ध रहेको हुन्छ । कमला मदन आश्रित मा.वि.का प्रधानाध्यापक भन्नुहन्छ, "विद्यार्थीलाई कक्षा कार्य गर्न शिक्षकले कक्षा शिक्षणका क्रममा उत्प्रेरणाप्रदान गर्नुपर्दछ । यसो भएमा विद्यार्थीहरुले कक्षाकार्य गर्न उत्साहित हुन्छन् र विद्यार्थीहरुले गरेको कक्षाकार्यलाई कक्षा शिक्षणको क्रममा तुरुन्त जाँच गरी विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुपर्दछ" । यस्ता कार्यहरुले विद्यार्थीमा अपेक्षाकृत सिकाइ उपलब्धि हासिल हुन्छ । नरेन्द्र जनता मा.वि.का शिक्षक भन्नुहुन्छ, "शिक्षित अभिभावकका बालवालिकामा गृहकार्य र कक्षाकार्य नगर्ने समस्या खासै आउँदैन । किनकी शिक्षित अभिभावक आफ्ना नानीहरुप्रति सचेत र जिम्मेवार हुर्ने गर्दछन्" ।

आधारभुत विधालयमा दिएको कक्षाकार्य र गृहकार्य नगर्ने विद्यार्थीहरु प्रायजसो तल्ला कक्षा रहेको पाईएको छ । गुहेश्वरी आधारभूत विद्यालयका प्रधानाध्यापकका अनुसार, "विषेशगरी निरक्षर अभिभावकका छोराछोरीहरुले कक्षाकार्य र गृहकार्य कार्य गर्न आलटाल गर्ने गरेको पाईएको छ अझ कतिपय निरक्षर आमाबुवाहरुका छोराछोरीहरुले गृहकार्य र कक्षाकार्यहरु प्रायजसो नगर्ने गरेको पाईन्छ" । यसो भएकाले निरक्षर अभिभावकहरुलाई छोराछोरीको शैक्षिक उपलब्धिका सम्बन्धमा सचेतना अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ । विद्यार्थीहरुलाई कक्षाकार्य तथा गृहकार्यको लागि अभिभावकहरुले उत्पेरणा जगाउँनु सकेमा विद्यार्थीमा कक्षाकार्य र गृहकार्य नगर्ने समस्याको समाधान गर्न सकिन्छ ।

### ४.४.४ विद्यार्थीहरुमा विचैमा कक्षा छोड्ने र दोहोऱ्याउँने प्रवृतिको अन्त्य गर्नुपर्ने

विद्यालय शिक्षामा हाल आएर विद्यार्थीहरुले शैक्षिक सत्रको विचमा कक्षा छोड्ने तथा कक्षामा सिकाइ उपलब्धि कम हासिल गरी कक्षा दोहोऱ्याउँने समस्या विद्यमान रहेको छ । यस्ता समस्याहरुको समाधान गर्नु विद्यालय शिक्षाको आजको आवश्यता पनि हो । नेपालको सन्दर्भमा यो एक मुख्य समस्या र चुनौति पनि हो । शहीद धर्मभक्त विद्यालयका प्रधानाध्यापक भन्नुहुन्छ, "विद्यार्थीहरुले कक्षा दोहोऱ्याउँने अवस्था आएमा त्यसको सम्पूर्ण दोष अभिभावकहरुले विद्यालय

शिक्षकलाई लगाउँछन् । तर अभिभावकहरुले उनीहरुका नानीहरुलाई राम्रोसँग रेखदेख गर्न नसक्दा शैक्षिक सत्रको विचबाट विद्यालय छोड्ने गरेका छन्" । कमला मदन आश्रितका एक शिक्षकका अनुसार, "प्र.अ. शिक्षक तथा विद्यार्थीका सम्बन्धित अभिभावहरुसँग समन्वय गरी विद्यालयमा विद्यार्थीहरुले शैक्षिकसत्रको मध्यमा कक्षा छोड्ने र कक्षा दोहोर्‍याउँने कार्यको अन्त्य गरिनु पर्ने बताउनुहन्छ ।

आधारभूत विद्यालयमा भने कञ्जनजङ्घा आधारभूत विद्यालयका प्र.अ. भन्नुहुन्छ, "विषेशगरी विद्यार्थीहरुमा कक्षा दोहोर्‍याँउने र कक्षा विचैमा छोड्ने समस्याहरु निरक्षर आमाबुवाका छोराछोरीमा देखिन्छ" । त्यसैले कक्षा छोड्ने र कक्षा दोहोर्‍याउँने समस्याहरु समाधानका विषयमा पहिला अभिभावक नै सचेत हुनपर्दछ ।

## ४.५ प्राप्ति

प्रत्येक अभिभावकहरुले आफ्ना छोराछोरीलाई उपयुक्त शिक्षा दिक्षा प्रदान गरी उनीहरुको भविष्य उज्वल बनाउन चाहेका हुन्छन् । त्यसैले बालवालिकाको शिक्षा आमाबावुको शिक्षामा निर्भर हुने गर्दछ । यस अध्ययनमा झापा जिल्ला कमल गाउँपालिका गाउँशिक्षा शाखा अन्तर्गत तीन वटा आधारभूत विद्यालय र तीन वटा माध्यमिक विद्यालयहरुमा अभिभावकको शैक्षिक अवस्थाले विद्यार्थीको सिकाइ उपलब्धिमा परेको प्रभाब सम्वन्धमा गरेको यस अध्ययनमा निम्न अनुसारको प्राप्तिहरु रहेको छ ।

यस अध्ययनमा अभिभावकको साक्षरताको स्थितिलाई हेर्दा आधारभूत विद्यालयहरुमा ६२.९६ प्रतिसत साक्षरता रहेको पाईयो भने ३७.०४ प्रतिसत अभिभावकहरु निरक्षर रहेको पाईयो । सवैभन्दा वढी निरक्षर अभिभावक गुहेश्वरी आधारभूत विद्यालयमा रहेको पाईयो । मा.वि. तहमा अध्ययन गर्ने अभिभावकहरु मध्ये ६६.६६ प्रतिसत अभिभावक साक्षर रहेको र बाकी ३३.३४ प्रतिसत भने निरक्षर रहेको पाईयो । साक्षर अभिभावकहरुको विद्यार्थीका औषत उपलब्धि $B^+$ देखिन्छ भने निरक्षर आमाबावुका विद्यार्थीहरुले शैक्षिक अवस्था C वा $C^+$ सम्मको शैक्षिक उपलब्धि हासिल गरेको पाईन्छ । विद्यायलमा पढाईमा कम्जोर भएका विद्यार्थीहरु, पढाई प्रति त्यति राम्रोसँग ध्यान नदिने विद्यार्थीहरु, कम्जोर अनुशासन भएका विद्यार्थीहरुको प्रायः

अभिभावकहरु निरक्षर रहेको पाईयो । उता विद्यालयमा प्रथम, द्वितीय तथा समग्रमा $A^+$ वा A ग्रेड ल्याउने विद्यार्थीहरुको अभिभावकहरुको शैक्षिक स्तर उच्च तहको रहेको देखिन्छ ।

विद्यालयका अतिरिक्त क्रियाकलापमा बढी चासो राख्ने विद्यार्थीहरुका आमाबुवाहरुको शैक्षिक स्तर शिक्षित नै पाईयो तर कक्षा ९ र १० का दुई जना विद्यार्थीहरुको परिवार निम्न आर्थिक अवस्था र उनीहरुको बुवाआमाको शैक्षिक अवस्था निरक्षर रहेको पाईयो तर पनि उनीहरु विद्यायका प्रत्येक अतिरिक्त क्रियाकलापमा सहभागिता जनाउने गर्दछन् र पढाईमा पनि उत्तिकै चासो राख्ने गर्दछन् ।

अध्ययन गरिएका विद्यालयमा कक्षा शिक्षण क्रियाकलापमा उपयुक्त शैक्षिक सामग्रीहरुको प्रयोग गरिएता पनि विद्यार्थीहरुमा अपेक्षा गरिए अनुसार सिकाइ उपलब्धि नहुने जस्ता समस्याको रुपमा रहेकोछ । त्यसै गरी विद्यालयमा वर्षभरीमा बिभिन्न खालका कार्यक्रमहरु संचालन गरिएका हुन्छन् । त्यस्ता कार्यक्रममा प्रायजसो निरक्षर अभिभावकहरु न्यून उपस्थित रहेको पाईयो । प्रत्येक विद्यार्थीका अभिभावकहरुले घरमा उनीहरुका बालवालिकाहरुको पढाईमा समय दिन नसक्दा विद्यार्थीहरुले विद्यालयमा दिएको गृहकार्य नगरी विद्यालयमा जाने गर्दछन् भने सचेत एवम  शिक्षित अभिभावकहरुले आफ्नो छोराछोरीको शिक्षा प्रति गम्भिर चासो राख्ने भएकाले उनीहरुको अपेक्षाकृत सिकाई उपलब्धि हासिल भई कक्षा दोहोऱ्याउँने समस्या आउँदैन । तर दैनिक ज्याला मजदुरी गरी जीविका निर्वाह गर्ने निरक्षर वा साक्षरताको स्तर कम रहेका अभिभावकहरुको छोराछोरीहरुमा कक्षा दोहोऱ्याउँने र विचमा नै कक्षा छोड्ने समस्याहरु विद्यमान रहेको छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

अभिभावकको शिक्षाले विद्यार्थीको सिकाइ उपलब्धिमा परेको प्रभाव नामक शोधपत्र झापा जिल्ला कमल गाउँपालिका गाउँशिक्षा शाखा अन्तर्गत तीनवटा सामुदायिक आधारभूत विद्यालय र तीन वटा मा.वि.हरु विभिन्न अध्ययन अनुसन्धान र विश्लेषणका आधारमा अभिभावकको शैक्षिक स्थितिले सभ्यता तथा संस्कारदेखि विद्यालयमा बालवालिकाले प्रदर्शन गर्ने व्यवहारसम्म प्रभाव पारेको देखिन्छ। शैक्षिक, सामाजिक, सांस्कतिक, आर्थिक आदि पक्षसँग पनि अभिभावकको शैक्षिक स्थितिको सह-सम्वन्ध विद्यार्थीको उपलब्धिसँग जोडिएको देखिन्छ। विद्यार्थीको उपलब्धि स्तरमा कक्षागत एवम् तहगतरुपले सुधार गर्न अभिभावकको शैक्षिक स्थितिको प्रत्यक्ष सम्वन्ध रहेको देखिन्छ। विद्यार्थीको उपलब्धि स्तरमा सुधार ल्याउन शिक्षक विद्यालय व्यस्थापन समिति, शिक्षक अभिभावक संघ, समुदायमा रहेका सामाजिक संस्थाको पनि उल्लेखनीय भूमिका रहेको देखिन्छ। सामुदायिक विद्यालयमा समुदायमा रहेका अभिभावकहरुको शैक्षिक स्थितिले विद्यार्थीको सिकाइ उपलव्धीमा प्रभाव पार्नु भनेको विद्यार्थीको उपलब्धि स्तरसँग जोडिएको हुन्छ। अभिभावकको शैक्षिक स्थितिबाट बालवालिकाको अध्ययनप्रति रुचि, शैक्षिक व्यवहार, कक्षाकार्य, गृहकार्य, अतिरिक्त क्रियाकलाप लगायतका विषयमा जानकारी प्राप्त हुने अवस्था रहेको पाईयो। उपलब्धि स्तर उच्च रहेका विद्यार्थीहरुको पारिवारिक स्थितिको अवस्था राम्रै रहेको पाईयो।

अध्ययनका क्रममा कमल गाउँपालिका गाउँशिक्षा शाखा अन्तर्गत तीन वटा आधारभूत विद्यालय र तीनवटा मा.वि बाट तीन/तीन जनाको दरले विद्यार्थीका लागि प्रश्नावलीका आधारमा सूचना सङ्कलन गर्दा अभिभावकको शैक्षिक स्थितिसँग विद्यार्थीका उपलब्धि स्तर, नियमित विद्यालय उपस्थित, कक्षाकार्य, अतिरिक्त क्रियाकलाप, सरसफाई, शैक्षिक सामग्री व्यवस्थापन, विद्यालय पोशाक, अनुशासन आदि विषयमा पनि सरोकार रहेको पाइयो। अभिभावकको शैक्षिक स्थितिको कारणले विद्यार्थी उपलब्धि स्तरमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले शिक्षा प्राप्त गरेका अभिभावकका बालवालिकाहरु पढाइप्रति अभिरुचि बढ्ने र निरक्षरता भएका अभिभावकको योगदान सिकाईमा पुग्न नसक्ने भएकाले उपलब्धि स्तरमा समान रुपले वृद्धि हुन सकेको देखिदैन। अतः विद्यार्थीको

उपलब्धिमा अभिभावकको शैक्षिक प्रभाव मूल्याङ्न गर्न सक्ने सोच प्रभावकारी रुपमा अभिभावकले गर्न नसकेको देखिन्छ ।

सारांशमा निकाल्दा यस कमल गाउँपालिका शिक्षा शाखा अन्तर्गत नमूनामा छनोट परेका विद्यालयहरुमा अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीको उपलब्धि स्तरमा परेको प्रभावमा समानता पाइएन । अभिभावकको शैक्षिक स्थिति राम्रो भएका परिवारबाट विद्यालय जाने सबै विद्यार्थीको उपलब्धि स्तर कक्षा वृद्धिसंगसँगै सुधारात्मक रहेको र अभिभावकको शैक्षिक स्थिति कम्जोर रहेका अभिभावकका विद्यालय जाने विद्यार्थीको उपलब्धिको उपलब्धि स्तर तथा कक्षा बृद्धि संगसँगै न्यून हुदै गएको आवधिक परीक्षाफलको विश्लेषणबाट देखिन्छ भने यसको मुख्य प्राप्तिमा अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीका उपलब्धि दर बढेको पाईनु सकारात्मक र उल्लेख्य पक्ष रहेको देखिन्छ ।

## ५.२ सुझाबहरु

समग्र अध्ययनको क्रममा अध्ययनकर्ताले झापा जिल्लाको कमल नगरपालिका गाउँ शिक्षा शाखा अन्तर्गत ६ वटा विद्यालयमा अभिभावकको शैक्षिक अवस्थाले विद्यार्थीको सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ र त्यसमा के कस्ता समस्याहरु रहेका छन् भन्ने विषयमा अध्ययन गरी निष्कर्षमा पुगेर अध्ययनको क्रममा मेरो दृष्टिले देखेका समाधानका उपायहरू सहित सुझावहरू प्रस्तुत गर्ने प्रयास गरिएको छ । समग्रमा सुझाबलाई तीन समूहमा विभाजन गरिएको छ । पहिलो समूहमा कार्यान्वयन तहलाई सुझाब, दोस्रोमा नीतिगत तहलाई सुझाब र अन्त्तमा अनुसन्धान तहलाई सुझाब समावेश गरिएको छ ।

### ५.२.१ नीतिगततहका सुझावहरु

विद्यार्थीको उपलब्धि स्तरमा कक्षागत तथा तहगत रुपमा निर्धारित लक्ष्य प्राप्त गर्न शिक्षा ऐन तथा नियमावलीमा उपयुक्त कानुनी व्यवस्था गरी नीति नियम बनाउँनु पर्ने, अभिभावकहरुलाई निरक्षरताबाट मुक्त गदै साक्षरता बनाइएका तथ्याङ्मा मात्र विश्वास नगरी कार्यान्वयनको स्थिति प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने, अभिभावकमा रहेका शैक्षिक निरक्षरतालाई उन्मुलन गर्न आवश्यक शैक्षिक समाग्री निर्माण गरी सरोकारवालासम्म पुऱ्याउँने व्यवस्था गर्नुपर्ने, शिक्षालाई अवसरको रुपमा सदुपयोग गर्न सक्ने गरी सीपमूलक तालिम

सञ्चालन गर्नुपर्ने, कम्जोर उपलब्धि स्तर भएका विद्यार्थीको उपलब्धि स्तर बृद्धिकालागि अतिरिक्त कक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

प्रधानाध्यापक शिक्षकका लागि उपलब्धि स्तर सुधार सम्वन्धी तालिमको व्यवस्था गर्नुपर्ने, विद्यार्थीको विद्यालय उपस्थिति दरले उपलब्धि स्तर बृद्धिमा प्रभाव पार्ने भएकाले कार्यान्वयन गनुपर्ने, जानकारी विना विद्यालयमा अनुपस्थित हुन विद्यार्थी र सम्वन्धित अभिभावकलाई सुधार गराउने प्रक्रिया मिलाउनु पर्ने, कक्षाकार्य, गृहकार्य, अतिरिक्त क्रियाकलापलाई विद्यार्थी उपलब्धि प्रतिवेदनमा समावेश गराउनु पर्ने र विद्यार्थी उपलब्धिको स्तरको आवधिक अवस्थालाई शिक्षक, प्रधानाध्यापकको पेशागत विकासमा प्राथमिकता दिनुपर्ने देखिन्छ ।

### ५.२.१ कार्यान्वयनगत तहका सुझावहरु

नीति निर्माण तहले शिक्षामा गरेको लगानीको प्रतिफलको अवस्था बारे जानकारी लिन आवधिक परीक्षा/मूल्याङ्कन प्रणालीबाट विद्यार्थीको उपलब्धि स्तर निरीक्षण, अनुगमन, गाउँ शिक्षा शाखालाई सक्रिय बनाउनु पर्ने अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीको उपलब्धि स्तर वृद्धि गर्न कार्यान्वयनमा देखिएका समस्याहरुलाई अध्ययन गरी समाधानका उपायको खोजी गर्ने क्षेत्र गाउँ शिक्षा शाखाले विद्यालयको अनुगमन निरीक्षण गरी विद्यार्थीको उपलब्धि स्तरको अवस्था जानकारी लिन सक्ने गरी विद्यार्थीको कार्य सञ्चिकाको व्यवस्था गर्ने, विद्यार्थीहरुले प्राप्त गरेको आवधिक उपलब्धि स्तर मध्ये उत्कृट अंक ल्याउनेलाईं पुरस्कार र प्रमाणप्रत्रको व्यवस्था गर्ने, कम्जोर शैक्षिक स्थिति भएका अभिभावकका लागि साक्षरता तथा सीपमूलक शिक्षाको व्यवस्था गरी प्रभावकारी अनुगमन गर्ने कार्य पर्दछन् ।

उपलब्धि स्तर बृद्धिका क्रममा आईपरेका समस्याहरुलाई छलफलद्वारा समाधान गर्न सहयोग पुऱ्याउँनु पर्ने, शैक्षिक स्थिति राम्रो भएका अभिभावकहरुलाई विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी दिने, विद्यार्थी उपस्थितिलाई नियमित बनाउन अभिभावक सचेतना अभियान सञ्चालन गर्नु पर्ने, विद्यार्थीको उपलब्धि स्तरबारे अभिभावकलाई समय समयमा जानकारी गराउनु पर्ने, विषयवस्तुसँग सम्बन्धित शैक्षिक सामग्री, बालमैत्री शिक्षा, भौतिक पूर्वाधारको उचित व्यवस्था, उपलब्धि स्तरको अवस्थाको जानकारी प्राप्त गरी विश्लेषण गदै सुधार गर्न कार्यान्वयनमा देखापरेका समस्याहरु समाधान गर्न जिम्मेवारी लिनुपर्दछ ।

### ५.२.३ अनुसन्धानात्मक तहका सुझावहरु

यो अनुसन्धानले सम्पूर्ण पक्षको प्रतिनिधित्व नगर्न सक्छ । त्यसैले आगामी दिनहरुमा अनुसन्धानका लागि अनुसन्धानकर्ताले निम्न विषयवस्तुप्रति ध्यान पुऱ्याउँनु पर्ने देखिन्छ । अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव, अभिभावकको साक्षरता स्थितिले विद्यार्थीको सिकाई व्यवहारमा परेको प्रभाव सम्वन्धमा, अभिभावकको क्रियाकलापले आधारभूत तहका विद्यार्थीको स्तर बृद्धिमा परेको प्रभाव सम्बन्धमा, अभिभावकको शैक्षिक लगानीले विद्यार्थी उपलब्धि दर बृद्धिमा पारेको प्रभाव सम्वन्धमा र अभिभावकको प्रभावकारी विद्यालय व्यवस्थापनले विद्यार्थी उपलब्धि स्तरमा परेको प्रभाव सम्बन्धमा अध्ययन गर्न सकिन्छ ।

अभिभावकको शिक्षाले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव

अनुसुची -१

अभिभावकका लागि अन्तरवार्ता प्रश्नावली

अभिभावकको नाम थर :

ठेगाना :

शैक्षिक योग्यता :

सम्बन्धित विद्यार्थीको नाम

तलका प्रश्नहरुको सही जवाफ दिई अनुसन्धानमा सहयोग पुऱ्याईदिनुहुन विनम्र अनुरोध छ ।

१) तपाईको परिवारमा कति जना सदस्य संख्या कतिजना हुनुहुन्छ र विद्यालय जाने उमेरका कति जना छन् ।

२) तपाईंका बालवालिकाहरु कति कक्षामा पढ्छन् र घरवाट विद्यालय पुग्न कति समय लाग्छ ?

३) तपाईंको परिवारमा विद्यालय जाने विद्यार्थी बाहेक अरु सदस्यको शैक्षिक योग्यता कति कति छ ।

४) तपाईको परिवारमा सदस्यहरु कुन कुन पेशा व्यवसायमा संलग्न हुनुहुन्छ ?

क) कृषि ख) व्यापार ग) नोकरी घ) उद्योग

५) तपाई अभिभावक भएको विद्यालयले वर्षमा अभिभावक भेला कति पटक गर्छ ?

६) अभिभावक भेलामा कुन कुन विषयमा छलफल हुने गरेको छ ?

७) विद्यार्थीले गर्ने कक्षा कार्य, गृहकार्य शैक्षिक उपलब्धिका बारेमा अभिभावकलाई भेलामा जानकारी गराईन्छ की गराईदैन ?

८) तपाई बालवालिकाहरु विद्यालय उपस्थितिमा नियमित रहे नरहेका जानकारी कसरी प्राप्त गर्नु हुन्छ ?

९) विद्यालयले वोलाएको अवस्था वाहेक अन्य समयमा विद्यालय उपस्थित हुनेगर्नु भएको छ वा छैन ?

क) छ भने किन.....................................................

ख) छैन भने किन ..................................................

१० तपाई विद्यालय व्यवस्थापन समिति वा शिक्षक अभिभावक संघमा आवद्ध हुनुहुन्छ ?

११) तपाई आफ्ना बालवालिकाको सिकाई उपलब्धि प्रति सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट भए किन....................................

ख) असन्तुष्ट भए किन ..................................

१२) तपाईको बालवालिकाको नतिजा कुन श्रेणीको छ ?

क) उत्तम ख) राम्रो ग) नराम्रो

१३) तपाईका बालवालिका पढाईमा बढी रुची र कम रुची लिन्छन् ?

क) रुची लिने विषयहरु.......................................

ख) कम रुची लिने विषयहरु................................

१४) विषय प्रति रुची बढी हुने /नहुने कारण कारण पहिचान गर्नु भएको छ ?

१५) विद्यालयमा शैक्षिक वातावरण वालमैत्री रहेको छ ?

१६) विद्यालयमा बर्षभरीमा कस्ता कस्ता कार्यक्रको आयोजना हुने गरेको छ ?

१७) ताईले त्यस्ता कार्यक्रममा सहभागी हुनुहुन्छ ?

१८) योग्यता पुरा भएका तालिम प्राप्त शिक्षकको व्यवस्था भएको छ ? जानकारी भए उल्लेख गर्नुहोस् ।

१९) विद्यालयमा अतिरिक्त गर्ने व्यवस्था बारे जानकारी छ ?

२०) विद्यार्थीको शैक्षिक उपलब्धि सुधार गर्न के कस्तो थप उपाय अवलम्वन गर्नुपर्दछ ?

२१) अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीको उपलब्धिमा कस्तो प्रभाव पार्दछ ?

अभिभावकको शिक्षाले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव

अनुसुची - २

विद्यार्थीका लागि प्रश्नावली

विद्यार्थीको नाम :

कक्षा :

विद्यालयको नाम, ठेगाना :

सम्बन्धित अभिभावकको नाम :

तलका प्रश्नहरुको सही जवाफ दिई अनुसन्धानमा सहयोग पुऱ्याईदिनुहुन विनम्र अनुरोध छ ।

१) तपाईको घर कहाँ पर्दछ ? घरबाट विद्यालय पुग्न कति दुरी छ ?

२) तपाईको घरमा कति जना सदस्य हुनुहुन्छ ?

३) तपाईको परिवारबाट विद्यालय जाने विद्यार्थी कति जना हुनहुन्छ ?

४) तपाईको अभिभावक (बुवा, आमाको) शैक्षिक योग्यता कति छ ?

क) बुवा................................

ख) आमा .............................

५) तपाईको परिवारको मुख्य व्यवसाय के हो ?

६ तपाईको परिवारमा नोकरी गर्ने व्यक्ति भए के मा र कहाँ गर्नुहुन्छ ?

क) नोकरीको किसिम ..................................

ख) नोकरी गर्ने स्थान ..................................

७ ) तपाईको विद्यालय कति बजे लाग्छ र कति बजे छुट्टी हुन्छ ?

८) विहान बेलुका कति घण्टा पढाइमा समय दिनुहुन्छ ?

९) शिक्षकहरु विद्यालयमा नियमित उपस्थिति भई शिक्षणमा पुरा समय विताउनु हुन्छ ?

१०) विद्यालयमा शिक्षकले कक्षाकार्य गृहकार्य दिई निरीक्षण गरेको सम्वन्धमा अभिभावकले चासो राख्नु हुन्छ ?

११) तपाईलाई अध्ययन गर्न बढी रुची लाग्ने र रुची नलाग्ने विषयबारे अभिभावकलाई जानकारी छ ?

१२) अध्ययनका लागि आवश्यक पर्ने समाग्री व्यवस्थापन अभिभावकले समयमा नै पुरा गरिदिनु हुन्छ ?

१४) विद्यालमा हुने पढाई सम्वन्धमा अभिभावकको दृष्टिकोण कस्तो छ ?

१५) शैक्षिक उपलब्धि वृद्धि गर्न प्रभावकारी अध्ययनको लागि वातावरण निर्माणमा तपाईको अभिभावकले कस्तो व्यवहार गर्नुहुन्छ ?

अभिभावकको शिक्षाले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव

अनुसुची - ३

प्रधानाध्यापकका लागि प्रश्नावली

नाम :

ठेगाना :

विद्यालयको नाम ठेगाना :

शैक्षिक योग्यता :

लिङ्ग :

तलका प्रश्नहरुको सही जवाफ दिई अनुसन्धानमा सहयोग पुऱ्याईदिनुहुन विनम्र अनुरोध छ ।

१) तपाईको विचारमा अभिभावकको शिक्षाप्रतिको धारणा कस्तो छ ?

२) तपाईले विद्यालयमा अभिभावक भेला गरेर शैक्षिक विवासका लागि के योजना बनाउनु भएको छ ।

३) तपाईको विद्यालयकमा आयोजना गरेको कार्यक्रमा अभिभावकको उपस्थिति कतिको हुने गरेको छ ?

४) अभिभावकको शैक्षिक स्थितिले बालवालिकाको शैक्षिक व्यवहारमा कस्तो परिवर्तन पाउनु भएको छ ?

५) तपाईको विद्यालमा विद्यार्थीको सिकाई उपलब्धि बुझ्नको लागि अभिभावकहरु वर्षमा कति पटक आउनुहुन्छ ?

६) तपाईको विद्यालयमा विद्यार्थीले कक्षा छोड्ने र दोहोऱ्याउँने प्रवृति के कस्तो छ ?

७) अभिभावकको शिक्षाप्रति धारणालाई सकारात्मक बनाउनलाई के गर्नुपर्दछ ?

८) अभिभावकको शैक्षिक स्थितिले बालवालिकाको शैक्षिक व्यवहारमा कस्तो परिवर्तन पाउँनु भएको छ ?

९) तपाईको विचारमा अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीको सिकाई उपलब्धिमा देखिएका समस्या, सामाधानका उपायहरु के-के हुन सक्छन् ?

१०) शैक्षिक स्थिति राम्रो भएका अभिभावकहरुको विद्यालयको समग्र विकास र विद्यार्थीहरुको शैक्षिक उपलब्धिप्रति भूमिका कस्तो छ ?

११) अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीको विद्यालय उपस्थिति, नियमितता र शैक्षिक उपलब्धिमा कस्तो प्रभाव पारेको छ ?

अभिभावकको शिक्षाले विद्यार्थीको शैक्षिक उपलब्धिमा पारेको प्रभाव

अनुसुची-४

शिक्षकका लागि प्रश्नावली

क) नाम :

ख) ठेगाना :

ग) विद्यालयको नाम, ठेगाना :

घ) शैक्षिक योग्यता :

ङ) लिङ्ग :

च) शिक्षण अनुभव ..... वर्ष

तलका प्रश्नहरुको सही जवाफ दिई अनुसन्धानमा सहयोग पुऱ्याईदिनुहुन विनम्र अनुरोध छ ।

१) तपाईले अध्यापन गर्ने विद्यालयमा नियमित अभिभावक भेला हुने गरेको छ ?

२) अभिभावक बैठकमा शैक्षिक गतिविधि सम्बन्धी छलफल हुन्छ ?

३) विद्यालयमा कुन स्तरका अभिभावकहरु आफ्ना बालवालिकाको उपलब्धि सम्वन्धी जानकारी प्राप्त गर्न चाहन्छन् ?

४) अभिभावको शैक्षिक स्थितिले विद्यार्थीको उपलब्धिमा कस्तो प्रभाव पार्ने ठान्नु भएको छ ?

५) अभिभावको शैक्षिक स्थितिको अभावमा विद्यार्थीको उपलब्धिमा कस्तो परिणाम प्राप्त हुने ठान्नुहुन्छ ?

६) विद्यार्थीको उपलब्धिमा प्रभाव पार्ने तत्वहरु मध्ये अभिभावकको शैक्षिक स्थितिलाई कतिको महत्वपूर्ण ठान्नुहुन्छ ?

७) विद्यार्थीको उपलब्धिको जानकारी लिन कस्ता अभिभावकले चासो लिने गरेको पाउनु भएको छ ?

८) तपाईको विद्यालयमा विद्यार्थीहरुले शैक्षिक सत्रको विचमा कक्षा छोड्ने र कक्षा दोहोऱ्याउँने प्रवृति कतिको छ ?

८) विद्यालयको शैक्षिक उपलब्धि प्रति जानकारी लिन/दिन शैक्षिक स्थिति भएका अभिभावकको उपस्थितिलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

९) विद्यार्थीको उपलब्धि सुधारमा देखापरेका समस्या समाधानका उपायहरु के-के हुन सक्छन् ?

# सन्दर्भसूची

अधिकारी विष्णुप्रसाद, (२०६७) *शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली,* काठमाष्डौः आशिष बुक्स हाउस ।

अधिकारी विष्णुप्रसाद, (२०७४) *निम्न माध्यमिक शिक्षा दिग्दर्शन,* काठमाण्डौः आशिष बुक हाउस ।

कार्की नारायण, (२०६८) शिक्षाको परिचय, अनामनगर, काठमाण्डौः कडरिया पब्लिकेशन ।

काफ्ले नारायण प्रसाद, (२०६६) *नेपालको शैक्षिक विकास चुनौती तथा सुधारका लागि सुझावहरु,* शिक्षक शिक्षा, वर्ष ७ अंक ७ सानो ठिमी भक्तपुर शैक्षिक जनशक्ति विकास केन्द्र ।

गौतम प्रदिपचन्द्र, (२०६४) *शैक्षिक प्रशासन र सुपरीवेक्षण, भोटाहिटी,* काठमाण्डौ एम.के पब्लिकेसन एण्ड डिष्ट्रिब्यूटर्स ।

जोशी, रामप्रसाद (२०६०) बालमैत्री सिकाइ उपलब्धि, शिक्षक मासिक पत्रिका बर्ष ५ पूर्णाङ् ४५ ।

विष्ट मानबहादुर, (२०७२) *शिक्षाको सिद्धान्त,* साझा प्रकासन काठमाण्डौ ।

भौकाजी विमल, (२०६९) *शिक्षा र संविधान निर्माण,* गोखापत्र दैनिक वर्ष ११२, अङ्क १४१ ।

यादव सुरेन्द्रकुमार, (२०६६) *अभिभावकको शैक्षिक दृष्टिकोणले विद्यार्थी भर्नामा पारेको प्रभाव अध्ययन,* (अप्रकाशित सोधपत्र), स्नातकोत्तर तह, त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय, विरगञ्ज ।

लम्साल हरिप्रसाद, (२०६६) *विद्यार्थीको शक्षिक उपलब्धिमा शिक्षकको भूमिका,* शिक्षक शिक्षा वर्ष ७, अंक ७ सानोठिमी , भक्तपुरः शैक्षिक जनशक्ति विकास केन्द्र ।

शर्मा गोपिनाथ, (२०७३), *नेपालको शैक्षिक इतिहास* ,लुम्बिनी पब्लिकेसन, काठमाण्डौ ।

शिक्षा मन्त्रालय, (२०६७) *गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप,* भक्तपुर ।

श्रेष्ठ, जयचन्द्र (२०५८), *सिन्धुपाल्चोक जिल्लामा माध्यमिक विद्यालयहरुमा शिक्षण सिकाइको अवस्थालाई सुधार गर्न जिल्ला शिक्षा कार्यालयको भूमिका;* ताहाचल, काठमाडौं : महेन्द्ररत्न क्याम्पस (अप्रकाशित स्नातकोत्तर शोधपत्र) ।

शाही, तीर्थबहादुर (२०५७), *सुर्खेत उपत्यकाका माध्यमिक विद्यालयले शैक्षिक गुणस्तरमा पारेको प्रभाव एक अध्ययन;* सुर्खेत क्याम्पस (अप्रकाशित स्नातकोत्तर शोधपत्र)